# तथ्याङ्क समन्वय कार्यालय कैलालीको

# वार्षिक प्रतिवेदन

## आर्थिक बर्ष २०८१।०८२

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क  समन्वय कार्यालय,कैलाली**

२०८२

# तथ्याङ्क समन्वय कार्यालय,कैलालीको
# वार्षिक प्रगति प्रतिवेदन
# आ.व. २०८१/२०८२

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

## तथ्याङ्क समन्वय कार्यालय,कैलाली

२०८२

प्रकाशक : तथ्याङ्क समन्वय कार्यालय,कैलाली
फोन. नं : ०९१-५९१३४७
इमेल : scokailali@gmail.com
वेबसाइट: scokailali.nsonepal.gov.np
प्रकाशन बर्ष : भाद्र, २०८२
प्रकाशन प्रति : ५ प्रति

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
**तथ्याङ्क समन्वय कार्यालय,कैलाली**

फोन नं. ०९१-५९१३४७
ईमेल: scokailali@gmail.com

प. स.
च. नं.

नेपाल सरकारले साविकका ३३ तथ्याङ्क कार्यालयहरु खारेज गरी १८ वटा तथ्याङ्क समन्वय कार्यालय स्थापना गर्ने निर्णय गरे बमोजिम मिति २०८१ साल श्रावण १ गते तथ्याङ्क समन्वय कार्यालय कैलालीको स्थापना भएको हो। यस कार्यालयको, सुदूरपश्चिम प्रदेश र मातहत कैलाली, कञ्चनपुर, डडेल्धुरा, वैतडी, दार्चुला, र वझाङ्ग जिल्लाका ६० वटा स्थानीय तहहरुमा हुने तथ्याङ्कीय क्रियाकलापमा समन्वय र सहकार्य गर्ने जिम्मेवारी रहेको छ। यसको साथसाथै राष्ट्रिय तथ्याङ्क कार्यालयले सालवसाली रुपमा संचानल गर्ने गणना तथा सर्वेक्षणमा यस कार्यालयको सक्रिय सहभागिता रहने गर्दछ। सघीय सरकार, सुदूरपश्चिम प्रदेश सरकार र मातहत स्थानीय तहहरुमा हुने तथ्याङ्कीय क्रियाकलामा यस कार्यालयले एक गतिशील पुलको भूमिका निर्वाह गर्ने गरेको छ।

यस कार्यालयले आ व २०८१।८२ मा सम्पादन गरेका तथ्याङ्कीय क्रियाकलाप लगायत विविध गतिविधिहरुको वारेमा सरोकार पक्षहरुलाइ एकत्रित रुपमा सरल र सहज ढंगवाट सूचना उपलव्ध गराउने उद्धेश्यले वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागिएको हो। यस प्रतिवेदनले कार्यालयको कार्य प्रकृति, वार्षिक विनियोजित बजेट, वार्षिकखर्च र सम्पादित कार्यहरुको वारेमा सम्वन्धित पक्षलाइ सु सूचित गराउने अपेक्षा गरिएको छ। यो प्रतिवेदन यस कार्यालयको पहिलो प्रगति प्रतिवेदन भएकोले अगामी आ. व. मा प्रकाशन हुने वार्षिक प्रगति प्रतिवेदनहरुको लागि पनि यसले एउटा वलियो आधार तयार पार्ने अपेक्षा लिएको छु।

अन्त्यमा यो प्रतिवेदन तयारीमा अथक मिहिनेत गर्ने तथ्यङ्क अधिकृत श्री दान वहादुर ऐडी लगायत अन्य सम्पूर्ण सहयोगी सहकर्मी कर्मचारीहरुलाइ विशेष धन्यवाद दिन चाहन्छु। यस प्रतिवेदनमा रहेका कमि कमजोरीहरु औल्याइ दिइ प्राप्त हुने सकरात्मक र रचनात्मक पृष्ठपोषणलाइ यस कार्यालयले सधै उच्च स्थान दिने विश्वास दिलाउन चाहन्छु।

गोविन्द प्रसाद न्यौपाने
( **तथ्याङ्क समन्वय अधिकारी** )

भाद्र,

## खण्ड १ तथ्याङ्क समन्वय कार्यालयको परिचय


१.१ पृष्ठभूमि.......................................................................................................१

१.२ तथ्याङ्क समन्वय कार्यालयको काम ,कर्तव्य र अधिकार.........................................२

१.३ कार्यालयको संगठ संरचना.................................................................................३

१.४ कर्मचारी पदपुर्तिको अवस्था ..............................................................................३

१.५ तथ्याङ्क समन्वय कार्यालयका कार्यालय प्रमुखहरुको नामावली…………………………………........३

१.६ तथ्याङ्क समन्वय कार्यालय कैलालीमा हाल कार्यरत कर्मचारी विवरण……………………………...४


## खण्ड - २ वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण


२.१ राष्ट्रिय लेखा कार्यक्रम .........................................................................................५

२.२ मुल्य तथ्याङ्क कार्यक्रम ........................................................................................६

२.३ नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण ..........................................................................९

२.४ गोष्ठी तथा अन्तर्किया कार्यक्रम ...........................................................................१०

२.५ सर्वेक्षणहरु.........................................................................................................१३

२.६ प्रदेश वस्तुगत विवरण तथा ब्रोसर प्रकाशन...........................................................१५


## खण्ड - ३ जनतालाई दिइने सेवा तथा त्यसको व्यवस्थापन


३.१ कार्यालयमा प्रकाशन र वितरणको व्यवस्था .........................................................१७

३.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशनहरुको माग तथा आपूर्ती व्यवस्था ...................१७

३.३ पुस्तकालयको स्थापना तथा प्रयोग .......................................................................१७

३.४ कार्यालयबाट जारी भएको नागरिक वडापत्र............................................................१८

३.५ सेवा प्रवाह प्रक्रिया तथा व्यवस्थापन .....................................................................१८


## खण्ड -४ कार्यालयको आर्थिक प्रशासन विवरण


४.१ गत आ व.२०८१/८२ को बजेट, खर्च, भौतिक तथा वित्तीय प्रगति………………………………………१९

४.२ कार्यक्रम तर्फको बार्षिक बजेट, खर्च, भौतिक तथा वित्तीय प्रगति ………………………………..२०

४.३ चालु बजेट र खर्च, कार्यक्रम बजेट र खर्च, पुँजिगत बजेट र खर्च तथा जम्मा बजेट र खर्च ग्राफ चित्रमा………..२१

४.५ बेरुजुको अवस्था ...........................................................................................२१

४.६ कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण…………………………………………………………………..२१

**खण्ड ५ कार्यालयको भौतिक अवस्था**

५.१ कार्यालयको भौतिक पूर्वाधार ............................................................ २४
५.२ कार्यालयको जिन्सी विवरण ............................................................ २४
**५.३** सम्पत्ति तथा जिन्सी मालसमानको विवरण र अवस्था ............................................ २७

**खण्ड - ६ कार्यालयका समस्या र समाधानका उपायहरु**

६.१ कार्यालयका मौजुदा समस्या ............................................................ २८
६.२ समस्या समाधानका उपाय............................................................ २९

**कार्यक्रम तथा फिल्ड कार्यका तस्विरहरु..............................................................३०**

# खण्ड - १ कार्यालयको परिचय

## १.१ पृष्ठभूमि


नेपालमा आवधिक योजना संगै सुरुवात भएको दुई बर्षपछि अर्थात वि.सं. २०१५ मा तथ्याङ्क ऐन जारी भई सोहि साल पुस १७ गते साविक केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको देखिन्छ । यसबाट नेपाल सरकारले सात दशक अगाडी नै जनता र मुलुकको ठोस हित हुने नीति निर्माण गर्नका लागि अत्यावश्यक तथ्याङ्कको महत्वलाई आत्मसाथ गरेको यथार्थ स्पष्ट हुन्छ । केन्द्रीय तथ्याङ्क विभाग स्थापना हुनुभन्दा अगाडी वि.सं. २००७ सम्म नेपालको तथ्याङ्कीय कार्य सम्पादन गर्नका लागि औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा र जनसंख्या गोश्वरा नाका दुइवटा अड्डाहरु रहेको पाइन्छ । पछि वि.सं. २००७ मा ती दुवै अड्डाहरु गाभेर संख्या विभाग स्थापना भएको देखिन्छ वि.सं. २०१७ मा तथ्याङ्क नियमावली आउनुका साथै निजामती सेवा ऐन,२०४९ मा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र तथ्याङ्क समूह गठन हुनु पनि नेपालको तथ्याङ्कीय विकासक्रमका अविस्मरणीय परिघटनाहरु हुन । वि.सं. २०५० मा केन्द्रीय तथ्याङ्क विभाग मातहतमा ३३ ओटा तथ्याङ्क कार्यालयहरु खडा गरिए । साविकको केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क ऐन २०७९ बमोजिम वि.सं.२०७९ साल आश्विन २८ गते देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भएको छ । ऐन अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रुपमा संघीय निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ । नेपाल सरकार,मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णयबाट यस राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा रहेका ३३ वटा तथ्याङ्क कार्यालय खारेज भइ १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरु संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत र राष्ट्रिय किताबखानाको मिति २०८०/११/११ को निर्णयबाट संगठन तथा पद दर्ता, खारेज र थपघट समेत भए मुताविक नै मिति २०८१ साउन १ गतेबाट कैलाली, कञ्चनपुर,डडेल्धुरा, बझाङ, बैतडी र दार्चुला गरी ६ जिल्ला कार्यक्षेत्र रहने गरी तथ्याङ्क समन्वय कार्यालय, कैलाली सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढी उपमहानगरपालिका वडा नं.५, तारानगर स्थित भाडाको भवनमा सञ्चालनमा रहेको छ ।

## १.२ काम ,कर्तव्य र अधिकार

राष्ट्रिय तथ्याङ्क  कार्यालयले तथ्याङ्क  समन्वय कार्यालय कैलाली लगायत मातहतका १८ जिल्लामा रहेका तथ्याङ्क समन्वय कार्यालयहरूको लागि निर्धारित गरिएका कार्यहरू देहाय बमोजिम रहेका छन् ।

- केन्द्रीय कार्यालयले सञ्चालन गर्ने  गणना एवं सर्वेक्षण कार्यहरुको आफ्नो क्षेत्रमा कार्यान्वयन, व्यवस्थापन, सुपरिवेक्षण र अनुगमन गर्ने,
- केन्द्रीय कार्यालयबाट कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने  तालिम सञ्चालन गर्ने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयले गर्ने तथ्याङ्कीय कार्यक्रमहरुको कार्यान्वयनमा सहयोग गर्ने,
- केन्द्रीय कार्यालयले जिल्लाबाट संकलन गर्न निर्देश गरिएका विविध क्षेत्रका द्धितियक तथ्याङ्क संकलन गर्ने,
- प्रदेश र कार्यक्षेत्र अन्तर्गतका जिल्ला एवम् स्थानीय तहको वस्तुगत विवरण तयार पार्ने ,
- जिल्लास्तरीय तथ्याङ्क विकास कार्यक्रम बनाई  केन्द्रमा पठाउने,
- जिल्ला विकासको निमित्त आवश्यक तथ्याङ्क उपलब्ध भए नभएको मूल्यांकन गर्ने
- जिल्लास्तरीय तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने,
- वडा र गणना क्षेत्रको सीमाना, धरातल र घर परिवारको निर्दिष्ट स्थान छुट्टयाउने गरी नक्सांकन गर्ने ,
- नियमित रुपमा गर्नुपर्ने र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट निर्दिष्ट भै आएका तथ्याङ्क संकलन सम्बन्धी सम्पूर्ण कार्य गर्ने
- स्थानीयस्तरमा तथ्याङ्क पैरवी, तथ्याङ्कीय साक्षरता, सरकारी कार्यालय तथा अन्य प्रयोगकर्ताबाट माग भएका बखत तथ्याङ्कीय सेवा उपलब्ध गराउने आदि ।

## १.३ कार्यालयको संगठन संरचना




## १.४ कर्मचारी पदपुर्तीको अवस्था

| सि. न. | पद | श्रेणी | सेवा | समुह | पद संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | रा. प. द्वितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| २ | तथ्याङ्क अधिकृत | रा. प. तृतीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | २ | १ | |
| ३ | सुपरिवेक्षक | रा.प.अनं.प्रथम | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ७ | ६ | |
| ४ | गणक | रा. प.अनं. द्वितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ३ | २ | |
| ५ | खरिदार | रा. प.अनं. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ६ | सहलेखापाल | रा. प.अनं. द्वितीय | नेपाल प्रशासन | लेखा | १ | १ | |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | करार |
| जम्मा | | | | | १८ | १५ | |

## १.५ तथ्याङ्क समन्वय कार्यालयका कार्यालय प्रमुखहरुको नामावली:

| क्र.स. | नामथर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | गोविन्द प्रसाद न्यौपाने | तथ्याङ्क समन्वय अधिकारी | २०८१।४।०१ | हाल सम्म |

## १.६ तथ्याङ्क समन्वय कार्यालय कैलालीमा  हाल कार्यरत कर्मचारीहरुको विवरण

| सि.न. | नाम | पद | सेवा | समुह | श्रेणी | सेवा अवधि | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | गोविन्द प्रसाद न्यौपाने | त.स.अधिकारी | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प. द्वितीय | २० बर्ष ६ महिना | भि.न.पा. ४, कञ्चनपुर |
| २ | दान बहादुर ऐडी | त. अधिकृत | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.तृतीय | १३ बर्ष | वे.न.पा. ९, कञ्चनपुर |
| ३ | निरज ओझा | सुपरिवेक्षक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. प्रथम | १४ बर्ष ९ महिना | भि.न.पा. ५, कञ्चनपुर |
| ४ | नरेन्द्र भट्ट | सुपरिवेक्षक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. प्रथम | ९ बर्ष | सुर्नया गा.पा.४, वैतडी |
| ५ | नेत्रराज जोशी | सुपरिवेक्षक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. प्रथम | ७ बर्ष ७ महिना | पुर्विचौकी गा.पा. ६, डोटी |
| ६ | अमर चौधरी | सुपरिवेक्षक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. प्रथम | ११ बर्ष ६ महिना | वेलौरी न.पा.३, कञ्चनपुर |
| ७ | रघुनाथ जोशी | सुपरिवेक्षक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. प्रथम | ३ बर्ष ११ महिना | वेलौरी न.पा.३, कञ्चनपुर |
| ८ | कृष्ण खड्का | सुपरिवेक्षक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. प्रथम | ७ बर्ष ५ महिना | भि.न.पा. ५, कञ्चनपुर |
| ९ | परमानन्द जोशी | खरिदार | नेपाल प्रशासन | सामान्य प्रशासन | रा.प.अनं. द्वितीय | २८ बर्ष | भि.न.पा. १५, कञ्चनपुर |
| ११ | खेमराज भट्ट | खरिदार | नेपाल प्रशासन | सामान्य प्रशासन | रा.प.अनं. द्वितीय | ११ बर्ष ७ महिना | दोगडा केदार १,वैतडी |
| १० | गौरी बडाल | सह-लेखापाल | नेपाल प्रशासन | लेखा | रा.प.अनं. द्वितीय | १० बर्ष १० महिना | नौगाड ४, दार्चुला |
| १२ | कुमारी तुलसी चन्द | गणक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. द्वितीय | २ बर्ष ११ महिना | भि.न.पा. १०, कञ्चनपुर |
| १३ | योगेश जोशी | गणक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं. द्वितीय | २ बर्ष ६ महिना | भि.न.पा. १०, कञ्चनपुर |
| १६ | रोशन कंडेल | ह.स..चा. | नेपाल प्रशासन | सामान्य प्रशासन | श्रेणीविहिन | ८ बर्ष | भि.न.पा. १५, कञ्चनपुर |
| १४ | मिना खुना | का.स. | नेपाल प्रशासन | सामान्य प्रशासन | श्रेणीविहिन | २ बर्ष | वे.न.पा. २, कञ्चनपुर |
| १५ | खगेन्द्र चौधरी | का.स. | नेपाल प्रशासन | सामान्य प्रशासन | श्रेणीविहिन | १ महिना | वेलौरी न.पा.३, कञ्चनपुर |

# खण्ड -२ : वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण

## २.१ राष्ट्रिय लेखा कार्यक्रम

राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय लेखा शाखाले प्रत्येक वर्ष कुल गार्हस्थ्य उत्पादन (**Gross Domestic Product- GDP**), कुल राष्ट्रिय आय (**Gross National Income- GNI**) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचक तयार गर्दै आईरहेको छ। राष्ट्रिय लेखा अनुमानको लागि राष्ट्रिय तथ्याङ्क कार्यालय (रा.त.का.) ले आफैले उत्पादन गरेका तथ्याङ्कको साथै अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने तथ्याङ्क प्रयोग गर्ने गर्दछ। सबै तथ्याङ्क समन्वय कार्यालयहरूले रा.त.का. ले निर्दिष्ट गरे बमोजिम विभिन्न किसिमका तथ्याङ्क संकलन गरेर तोकिएको समयभित्र कार्यालयमा आईपुग्ने गरी पठाउनु पर्नेछ।

### २.१.१ त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रम

साविकको केन्द्रिय तथ्याङ्क  विभाग (हाल राष्ट्रिय तथ्याङ्क कार्यालय ) को राष्ट्रिय लेखा शाखाले प्रत्येक वर्ष कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product-GDP), कुल  राष्ट्रिय आय (Gross National Income -GNI) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचकहरु तयार गर्दै आईरहेको छ। राष्ट्रिय लेखा अनुमानको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले आफैले उत्पादन गरेका तथ्याङ्कहरुका साथै अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने तथ्याङ्क  प्रयोग गर्ने गर्दछ। त्रैमासिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालयलाई निर्दिष्ट गरे बमोजिमका विभिन्न तथ्याङ्कहरु नियमित रुपमा संकलन गरि तोकिएको समयभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिन्छ। तथ्याङ्क समन्वय कार्यालयले त्रैमासिक लेखा अनुमान कार्यक्रमअन्तर्गत सम्पादन गर्नुपर्ने कायक्रमहरुको क्षेत्रगत विवरण यसप्रकार रहेका  छन्

| सि.नं. | त्रै.रा.ले. फाराम नं. | तथ्याङ्क संकलन गर्नुपर्ने स्थान | तथ्याङ्क संकलनका लागि छानिएका संस्था |
|---|---|---|---|
| १ | QNA_A1 कृषि | सबै जिल्ला | कृषि ज्ञान केन्द्र |
| २ | QNA_A2 पशुपन्छी | सबै जिल्ला | पशु सेवा कार्यालय/कृषि ज्ञान केन्द्र |
| ३ | QNA I1 तारे होटल | सबै तारे होटल | सबै तारे होटलहरू |
| ४ | QNA I2 होटल तथा रेष्टुरेण्ट | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका होटल तथा रेष्टुरेण्ट | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |
| ५ | QNA_E1 खानेपानी उपभोक्तासमिती | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका खानेपानी उपभोक्ता समिती | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |
| ६ | QNA H1 सवारीसाधनविवरण | सबै यातायात व्यवस्था कार्यालय | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्लास्थित यातायात व्यवस्था कार्यालय |

यस कार्यालयले आ.व. २०८१/८२ को प्रथम त्रैमासिकको मंसिरको तेस्रो हप्ता, दोस्रो त्रैमासिकको फाल्गुन तेस्रो हप्ता, तेस्रो त्रैमासिकको जेष्ठ तेस्रो हप्ता, र चौथो त्रैमासिकको भाद्र तेस्रो हप्ता तथ्याङ्क समन्वय कार्यालयले उल्लेखित क्षेत्रका तथ्याङ्क क्रमश: फारम थान २९ /२९ राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराइएको Online Data Entry गरेर तथ्याङ्क प्रविष्टी गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउदै आएको छ।

### २.१.२ वार्षिकराष्ट्रिय लेखा कार्यक्रम

वार्षिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयलाई आवश्यक पर्ने जिल्ला स्तरका विभिन्न क्षेत्रका तथ्याङ्कहरु तथ्याङ्क समन्वय कार्यालयबाट संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिएको छ। गत आ.व.मा रा.त.का.बाट प्राप्त फाराम र व्यवसायिक प्रतिष्ठानको सूची अनुसार वार्षिक राष्ट्रिय लेखाको लागि तथ्याङ्क संकलन गरी कार्यालयले Online Data Entry गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको छ। तथ्याङ्क समन्वय कार्यालयले वार्षिकराष्ट्रिय लेखा अनुमान कार्यक्रम अन्तर्गत सम्पादन गर्नुपर्ने कार्यक्रमहरुको क्षेत्रगत विवरण यसप्रकार रहेका छन् ।

| सि.नं. | वा.रा.ले. फाराम नं. | तथ्याङ्क संकलन गर्नुपर्ने स्थान | तथ्याङ्क संकलनका लागि छानिएका संस्था |
|---|---|---|---|
| १ | ANA A1: सामुदायिक वन | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका सामुदायिक वन | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |
| २ | ANA B1: खानी तथा उत्खनन् | सबै स्थानीय तह | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लास्थित सबै स्थानीय तहहरू |
| ३ | ANA F1: भवन तथा सडक निर्माण | सबै स्थानीय तह | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लास्थित सबै स्थानीय तहहरू |
| ४ | ANA H1: स्टोरेज | क) तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्लाहरूमा कुल दश वा सो भन्दा कम सङ्ख्याका स्टोरेज भएमा सबै स्टोरेजबाट।<br>ख) दशभन्दा बढी भएमा कम्तिमा ११ र बढीमा १५ ओटा स्टोरेजबाट | स्टोरेजहरू छनोट गर्नु पर्ने भएमा तथ्याङ्कीय विधि प्रयोग गरेर सबै स्टोरेजको प्रतिनिधित्व हुने गरी तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने।<br>(गत आ.व. मा छनोट भएका) |
| ५ | ANA I1:होटल तथा रेष्टुरेण्ट | क) पाँच र चार तारे सबै होटलहरू<br>ख) अन्य तारे होटलहरूमध्ये प्रत्येक जिल्लाबाट उपलब्ध भएसम्म बढीमा ३/३ वटा<br>ग) अन्य होटल तथा रेष्टुरेण्टमध्ये तोकिएबमोजिमको सङ्ख्यामा | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने। (गत आ.व. मा छनोट भएका) |
| ६ | ANA J1: एफ. एम. रेडियो | प्रत्येक जिल्लाबाट १/१ वटा | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने। (गत आ.व. मा छनोट भएका) |
| ७ | ANA J2: केबुल टेलिभिजन | प्रत्येक जिल्लाबाट १/१ वटा | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने। (गत आ.व. मा छनोट भएका) |
| ८ | ANA_Cop.:सहकारी (बचत तथा ऋण) संस्था | रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका सहकारी संस्था | तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका) |

आव २०८१/८२ मा करिब १४८ वटा प्रतिष्ठानहरुको तथ्याङ्क संकलन तथा प्रविष्टी गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाईएको छ।

## २.२ मुल्य तथ्याङ्क कार्यक्रम

आधिकारिक तथ्याङ्क उत्पादन गर्ने दुई सरकारी निकायहरू रा.त.का. र ने.रा.बै. ले आफ्नो आवश्यकतानुसार मूल्य सूचकाङ्क निर्माणको काम गर्दै आइरहेका छन्। रा.त.का.ले हाल त्रैमासिक रूपमा औद्योगिक उत्पादक मूल्य सूचकाङ्क (Industrial Producer Price Index-IPPI), कृषि उत्पादक मूल्य सूचकाङ्क (Agriculture Producer Price Index-APPI) र निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (Input Price Index of Construction Sector- IPICS) तयार गरी प्रकाशन गर्दै आइरहेको छ। रा.त.का.ले आ.व. २०३१/३२ मा वार्षिक सूचकाङ्कको तयारी सुरु गरेको देखिन्छ भने चौमासिक र त्रैमासिक PPI को सम्पादन क्रमश: २०५३/५४ र २०५८/५९ मा सुरु गरेको थियो। यसका साथै, अन्तर्राष्ट्रियस्तरमा वास्तविक कुल गार्हस्थ्य उत्पादन (Real Gross Domestic Product), क्रयशक्ति समता (Purchasing Power Parity-PPP) र मूल्य तह सूचकाङ्क (Price Level Index) मापनको लागि १७० भन्दा बढी देशहरूमा एकैपटक सञ्चालन हुने International Comparison Program-ICP मा नेपाल पनि सन् २००५ देखि सहभागी भई मूल्य सर्वेक्षणहरू सञ्चालन गर्दै

आइरहेको छ। त्यस्तै, ने.रा. बै.ले हाल उपभोक्ता मूल्य सूचकाङ्क (Consumer Price Index-CPI), थोक मूल्य सूचकाङ्क - Wholesale Price Index- WPI), तलब तथा ज्याला दर सूचकाङ्क (Salary and Wage Rate Index- SWRI) र आयात-निर्यात मूल्य सूचकाङ्क (Import Export Price Index-IEPI) हरू नियमित रूपमा प्रकाशन गर्दै आइरहेको छ।

## २.२.१ औद्योगिक उत्पादन /उत्पादक मूल्य सूचकाङ्क

संयुक्त राष्ट्रसंघले तयार गरेको अन्तरराष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरण (International Standard Industrial Classification - ISIC Rev 4) अनुसार प्रतिष्ठानले सम्पादित आर्थिक क्रियाकलापहरूको आधारमा वर्गीकरण गरेका २१ ओटा आर्थिक क्षेत्रहरूमध्ये चार क्षेत्रहरू क्रमशः B) खानी तथा उत्खनन् (Mining and Quarrying) C) उद्योग (Manufacturing) D) विद्युत, ग्यास स्टिम, वातानुकुलित वस्तुको आपूर्ति (Electricity, Gas, Steam and Air-conditioning ) E) पानी आपुर्ति, ढल निकास, फोहर व्यवस्थापन तथा उपचारात्मक क्रियाकलापहरु (Water Supply, Sewerage, Waste management, Remediation Activities )

काठमाडौं उपत्यका खानेपानी लिमिटेड र केही खानेपानी उपभोक्ता समितिबाट वार्षिक रूपमा सङ्कलन गरिएका खानेपानी महसुलहरू सङ्कलन गरिन्छ। आ.व. २०७२/७३ मा राष्ट्रिय लेखामा खानेपानी क्षेत्रको उत्पादनलाई समग्र खानेपानी क्षेत्रको भारको रूपमा प्रयोग गरिएको छ। त्यस्तै विद्युत क्षेत्रको उत्पादक मूल्यको रूपमा नेपाल विद्युत प्राधिकरणले वार्षिक रूपमा सङ्कलन गरेको महसुलको तथ्याङ्कलाई सङ्कलन गरिन्छ भने ग्यासको लागि नेपाल आयल निगमले तोकिएको ग्यासको मूल्यलाई लिने गरिएको छ। औद्योगिक PPI को लागि खानेपानी र विद्युतको भार क्रमश ०.२५ प्रतिशत र ९.३१ प्रतिशत हुन आएको छ।यसरी चारैओटा क्षेत्रहरू क्रमश खानी र उत्खनन्, उद्योग, खानेपानी र विद्युतको छुट्टाछुट्टै PPI तयार भइसकेपछि चारै क्षेत्रको संयुक्त सूचकाङ्क (Composite Index) को रूपमा औद्योगिक PPI तयार गरिन्छ। तयारी गरिएको उद्योगको र औद्योगिक PPI रा.त.का. को आधिकारिक वेबसाइट https://nsonepal.gov.np/industrial-producers-price-index-iPPI/ बाट प्रप्त गर्न सकिन्छ। उक्त सूचकाँक निकाल्नको लागि यस कार्यालयबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनाको तेस्रो र चौथो हप्ता तथ्याङ्क संकलन तथा प्रविष्टी गरी पठाइनुपर्ने व्यवस्था बमोजिम नै ११ उद्योगबाट तथ्याङ्क संकलन तथा प्रविष्टी गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउदै आएको मा गत आ.व. मा केहि उद्योग बन्द भइ ६ वटा उद्योगबाट मात्रै तथ्याङ्क प्राप्त भइ राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको छ।

## २.२.२ कृषिजन्य वस्तुहरुको स्थलगत मुल्य सूचकांक तथ्याङ्क संकलन:

नेपाल कृषिप्रधान मुलुक हो। यँहाको दुई तिहाई भन्दा बढी जनसंख्या कृषि पेशामा संलग्न छन् भने कुल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी हिस्सा कृषि क्षेत्रको रहेको छ । तसर्थ कृषि क्षेत्रले मुलुकको आर्थिक क्षेत्रमा वार्षिक रुपमा पुर्याएको योगदान महत्वपूर्ण रहि आएको छ। कृषि क्षेत्रको योगदानको अनुमान गर्न उत्पादित कृषि वस्तुहरुको उत्पादन भएको समयको मूल्य नितान्त आवश्यक हुन्छ। कृषिजन्य वस्तुहरुको उत्पादनको आवधिक एवम् स्थान विषेशको मूल्यले राष्ट्रिय आयको अनुमान गर्न मात्र सहयोग नगरी बजारमा माग र आपूर्तिको व्यवस्थापन गर्न समेत ठूलो मद्दत गर्दछ। यसको साथ साथै कृषिक्षेत्रको नीति तथा कार्यक्रम तजुर्मा , कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न पनि कृषि वस्तुहरुको आवधिक एवम् स्थान विशेषको मूल्य अपरिहार्य हुन्छ। आ.व. २०६५/०६६ देखि साविकको केन्द्रिय तथ्याङ्क विभाग( राष्ट्रिय तथ्याङ्क कार्यालय) को कृषि तथ्याङ्क

शाखाले प्रमुख कृषि तथा पशुपंक्षी उत्पादनको मूल्यसंकलन कार्यक्रम सञ्चालन गरेको थियो। आ.व. २०६६/०६७ दखि मूल्य तथ्याङ्क शाखाले सो कार्यलाई निरन्तरता दिदै आई रहेको छ। तथ्याङ्क समन्वय कार्यालयहरुबाट प्रमुख कृषि तथा पशुपंक्षीबाट उत्पादित वस्तुहरुको मूल्य त्रैमासिक रुपमा संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा सफ्टकपी पठाउने गरिन्छ। कृषि सम्बन्धि मूल्य तथ्याङ्क संकलन गर्नको लागि ४ ओटा जिल्लाका ५/५ जना अगुवा कृषकहरुको कृषिज्ञान केन्द्र कार्यालयबाट प्राप्त कृषकको सूचिबाट छनोट गरिएको छ। छानिएका कृषकहरुबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनामा चालु त्रैमासिकको प्रत्येक महिनाको उत्पादित वस्तुहरुको स्थलगत मूल्य संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयममा पठाइएको छ।

## २.२.३ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तथ्याङ्क संकलन

(Input Price Index of construction Sector- IPICS) निर्माण सामग्रीमा प्रयोग हुने निर्माण सामग्रीहरुको खुद्रा मूल्यमा हुने वार्षिक परिवतर्नको बारेमा जानकारी गराउने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा निमांण क्षेत्रको लागत मूल्य सूचकांकको निर्माण गरिएको हो। आधार वर्ष २०४१/०४२ लाई लिएर निर्माण गरिएको यस सूचकांकमा निर्माण सामग्रीहरु जस्तै चिरान काठ, सिमेन्ट, ईट्टा,फलामे छड र ज्यालादर समावेश गरिएको थियो। निर्माण सामग्रीहरुको मूल्य सूचकांक (Price Index Of Some Construction Materials) र निर्माणक्षेत्रको ज्याला सूचकांक (Wage Index Of Construction Workers) को संयुक्त सूचकांक (Composite Index) को रुपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकांक निर्माण गरिएको थियो। उपयोगकर्ताको माग र सुझावअनुसार आ.व. २०५७/०५८ देखि यो सूचकांक त्रैमासिक रुपमा निर्माण गर्न शुरु गरिएको हो। त्रैमासिक सूचकांकहरु बिन्दुगत प्रणालीमा आधारित भएकोले वर्तमान त्रैमासिक सूचकांक अघिल्लो वर्षको सोही त्रैमासिकको मूल्यसंग तुलना गरी निर्माण गरिएको हुन्छ। बदलिदो समयको माग अनुसार आ.व. २०६३/०६४ लाई आधार वर्ष मानेर बिन्दुगत नभई श्रेणीगत हिसाबले त्रैमासिकरुपमा सूचकांक निर्माण शुरु गरि आधार वर्षको मूल्यसँग तुलनायोग्य बनाइएको छ। निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तयार गर्नका लागि तथ्याङ्क कार्यालयले प्रत्येक त्रैमासिकमा नियमित रुपमा निर्माण सामग्रीहरुको खुद्रा मूल्य (बजार मूल्य) तथा निर्माण काममा संलग्न कामदारहरुको ज्यालादर सम्बन्धी विवरणहरु यस कार्यालयका कार्यक्षेत्र अन्तर्गत पर्ने जिल्ला मध्ये दार्चुला र डडेल्धुरा बाट ५/५ वटा तथा कञ्चनपुर र कैलाली जिल्लाहरुबाट ७/७ वटा फारामहरुबाट विवरण संकलन गरी तोकिएको समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा सफ्टकपी पठाउने गरिन्छ। मूल्य संकलनका लागि छनौट गरिएका सामग्रीहरुमा ईट्टा, ढुँगा,छड,काठ, रङ्ग, सिमेन्ट, विद्युतिय सामग्री, आदि जस्ता २४ किसिमका सामग्रीहरु छन्। यसैगरी निर्माण काममा संलग्न कामदारमा इन्जीनियर, सुपरभाइजर, डकर्मी, सिकर्मी, पेन्टर जस्ता ८ किसिमका कामदारहरुको ज्यालादर संकलन गरिन्छ। चालु आव २०८१/२०८२ मा यस निमियत तथ्याङ्क संकलन तथा आधार बर्ष परिवर्तन गर्न विभिन्न क्षेत्रको तथ्याङ्क संकलन गरी राष्ट्रिय तथ्याङ्कमा पठाइएको छ।

### २.२.४ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program) सम्बन्धी मूल्य तथ्याङ्क

तुलना गर्ने एउटा आर्थिक सिद्धान्त हो जुन दुई देशबिचको विनिमय दर दुई देशका मूल्य तह एउटा देशको एक एकाइ मुद्राले अर्को देशमा पनि उही वस्तु र सेवाहरू किन्न लाग्ने मूल्यसँग (Price Level) को अनुपातसँग बराबर हुनुपर्छ भन्ने मान्यतामा अडेको छ । यस सिद्धान्तअनुसार तुलना गरिन्छ । उदाहरणको लागि एउटा वस्तु र सेवाहरूको डालोको मूल्य हङकङमा HK$100 (५२००/१००) हुन आउँछ । यसको अर्थ 1HK$ ले हङकङमा जति वस्तु र सेवा खरिद गर्न र नेपालमा रू ५२०० पर्छ भने हङकङ डलर र नेपाली मुद्राबिचको PPP विनिमय दर ५.२ सक्छ, त्यति नै वस्तु र सेवा नेपालमा खरिद गर्न रू. ५.२० लाग्छ जुन नेपाली मुद्रा र हङकङ डलरबिचको वास्तविक विनिमय दरभन्दा फरक हुन सक्छ । PPP सिद्धान्त विभिन्न देशहरूको  जीवनस्तर तुलना गर्न र कुल गार्हस्थ्य उत्पादनजस्ता आर्थिक तथ्याङ्कहरूको अन्तर्राष्ट्रिय तुलना गरे प्रयोग गरिन्छ । PPP मापनको लागि संयुक्त राष्ट्रसंघीय तथ्याङ्कीय महाशाखा (United Nation Statistical Division- UNSD) को तत्वावधान र अन्तर्राष्ट्रिय मुद्रा कोषको संलग्नताले विश्व बैंकको नेतृत्वमा १७० ओटाभन्दा बढी देशहरूमा अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program ICP) सञ्चालन गरिन्छ । प्रत्येक तीन-तीन वर्षमा सञ्चालन गर्ने लक्ष्य लिएको संसारकै सबैभन्दा बृहत् तथ्याङ्कीय क्रियाकलाप भनिने यस कार्यक्रमको महत्त्वलाई मनन गरी संयुक्त राष्ट्रसंघले सबै सदस्य राष्ट्रहरूलाई नियमित तथ्याङ्कीय कार्यक्रमको रूपमा IC लाई समाहित गर्न अनुरोध गरेको थियो । ICP को सुरुवात सन् १९७० मा १० देशहरूको सहभागिताबाट सुरु भएको थियो भने पछिल्लो दशौं ICP सन् २०१७ मा १७६ देशहरूको सहभागिता रहेकोमा हाल एघारौं ICP २०२१ को अन्तिम चरणमा काम भइरहेको छ । नेपालले सन् २००५ देखि यस कार्यक्रममा सहभागिता जनाएको हो र रा.त.का.ले यस कार्यक्रमको लागि राष्ट्रिय कार्यान्वयन निकायको रूपमा विभिन्न मूल्य सर्वेक्षणहरू सञ्चालन गर्दै आइरहेको छ ।

नेपाललगायत एसिया प्याशिफिकका २२ देशहरूमा PPP सञ्चालनको लागि क्षेत्रीय कार्यान्वयन निकाय (Regional Implementation Agency) को रूपमा एसियाली विकास बैंकले भूमिका खेल्दै आइरहेको छ । नेपालको लागि राष्ट्रिय कार्यान्वयन निकाय (Regional Implementation Agency) को रूपमा रा.त.का.ले सन् २००५ देखि मूल्य तथ्याङ्क सङ्कलन गर्दै आइरहेको छ। यस कार्यक्रमको घरपरिवार उपभोग्य वस्तुको मूल्य सर्वेक्षणमार्फत् ६०० भन्दा बढी उपभोग्य वस्तुहरूको मूल्य मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा सङ्कलन गरिन्छ । त्यस्तै मेशिनरी उपकरणहरूको सर्वेक्षण, निर्माण सामग्रीहरूको मूल्यसम्बन्धी सर्वेक्षण एवं आवासीय घर अपार्टमेन्टहरूको भाडादर सर्वेक्षणमार्फत मेसिनरी उपकरणहरूको मूल्य, निर्माण सामग्रीहरूको मूल्य तथा आवासीय घर/ अपार्टमेन्टहरूको भाडादर पनि सङ्कलन गरिन्छ ।

## २.३  नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण

मूलत: तथ्याङ्कीय व्यावसायिक रजिष्टर खडा गर्ने कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयको जिम्मेवारी अन्तर्गत नै पर्दछ । यसैले साविकको  केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत आर्थिक गणना शाखाको स्थापना भई आर्थिक गणना गर्ने र व्यावसायिक रजिष्टर तयारी गर्ने कार्य यस शाखाको जिम्मेवारी अन्तर्गत पर्दछ । नेपालमा दीर्घकालीन रुपमा सुदृढ र सबल तथ्यांकीय व्यावसायिक रजिष्टर प्रणाली स्थापना गर्नका लागि आ.व. २०७१/७२ देखी नै परीक्षणको रुपमा तथ्यांकीय व्यावसायिक रजिष्टर प्रणालीको लागि प्रशासनिक दर्ता अभिलेख र यसका आधारमा प्रत्येक दर्ता प्रतिष्ठान गणनाबाट व्यावसायिक रजिष्टर तयारी गर्ने कार्य सञ्चालन भएको थियो । आर्थिक वर्ष २०७१/७२ मा तीन जिल्लामा,२०७२/७३ मा सात जिल्लामा र २०७३/७४ मा चौध जिल्लामा परीक्षणको रुपमा र २०७५/७६ देखि

देशका सम्पुर्ण जिल्लाहरुमा तथ्याङ्कीय व्यावसायीक रजिष्ट्रर निर्माणको लागि प्रशासनिक दर्ता अभिलेख सङ्कलन कार्यको शुरुवात गरियो। कार्यक्रमको अनुभव र प्रतिवेदनका आधारमा त्यस पछिका आर्थिक वर्षहरुमा नियमित रुपमा ३३ वटा तथ्याङ्क कार्यालयहरु मार्फत ७७ जिल्लामा वार्षिक रुपमा यसको तथ्याङ्क सङ्कलन गरि साविकको केन्द्रीय तथ्याङ्क विभागमा (रा.त.का) पठाउने गरिएको छ। विश्व अर्थतन्त्रमा जस्तै नेपालमा पनि आर्थिक क्षेत्र सम्बन्धी तथ्याङ्कको महत्व पनि बढ्दै गइरहेकोले हुनाले विभिन्न आर्थिक क्रियाकलापहरुमा सकृय औपचारिक वा अनौपचारिक क्षेत्रका व्यावसायिक सूचनाहरुको आवश्यकता महशुस भएको हो । विभिन्न व्यावसायिक क्षेत्रले अर्थतन्त्रमा पारेको परिवर्तनलाई उल्लेख गर्ने र सामाजिक आर्थिक विकास प्रयासहरूबाट समाजमा परेको प्रभाव, समाजमा पुग्न गएका सेवाहरू, आर्थिक क्षेत्रको विकास र विस्तारमा देशले निर्वाह गर्नुपर्ने भूमिका आदिको लागि आर्थिक तथ्याङ्क तथा सूचनाको आवश्यकतालाई मध्यनजर गरी आ.व. २०७१/७२ बाट नियमित रुपमा यस कार्यक्रमको तथ्याङ्क संकलनलाई केहि बजेटको पनि व्यवस्था साविकको केन्द्रीय तथ्याङ्क विभाग बाट गरिएको थियो। यस गणनाबाट प्राप्त तथ्याङ्कहरू आर्थिक क्षेत्रमा कार्य गर्ने औपचारिक व्यवसायहरुको सूची उपलव्ध हुने, यस तथ्याङ्कले कुनै पनि आर्थिक तथा सामाजिक क्षेत्रको तथ्यांकीय अध्ययन सर्वेक्षणहरुको फ्रेम उपलव्ध भइ समग्र तथ्याङ्कको गुणस्तर र व्यापकतामा सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै उपलब्ध हुने व्यावसायिक रजिष्टर सम्बन्धी तथ्याङ्कले राष्ट्रिय लेखा प्रणाली तथ्याङ्कको गुण्स्तरलाई पनि मजबुत गर्ने विश्वास गर्न सकिन्छ। यस कार्यको निरन्तरताले प्रत्येक वर्ष हरेक क्षेत्रमा संलग्न औपचारिक क्षेत्रका व्यवसायहरुको सुचीहरु अद्यावधिक हुने देखिन्छ। यसबाट प्राप्त हुने तथ्याङ्कले विभिन्न आर्थिक क्षेत्रको संरक्षण, सम्वद्र्धन र विकासका नीति निर्माण तथा योजना तर्जुमा र अनुगमन एवं मूल्याङ्कन गर्न उपयोगी हुनुका साथै यस क्षेत्रका अनुसन्धानकर्ताहरू, विभिन्न आर्थिक क्षेत्रका उद्योगपतिहरू, व्यवसायीहरु विद्यार्थीहरू र यस क्षेत्रमा चासो राख्ने सवै सरोकारवाला व्यक्तिहरूलाई पनि महत्वपूर्ण हुने विश्वास लिइएको छ। आर्थिक गणना सञ्चालनको लागि पनि यो गणना अपरिहार्य रहेको छ। आ.व. २०८१/८२ मा यस कार्यलयको कार्यक्षेत्रबाट करिब २११९७ प्रतिष्ठानहरुको तथ्याङ्क संकलन र प्रविष्ट गरी आर्थिक गणना शाखामा पठाइएको छ।

## २.४ गोष्ठी तथा अन्तर्किया कार्यक्रम

तथ्याङ्क लुकाएर राख्नु पर्छ सहि तथ्याङ्क दिए करको दायरामा परिन्छ भन्ने तथ्याङ्क प्रतिको गलत बुझाइ चिर्न, तथ्याङ्कको प्रयोग र आवश्यकता सम्बन्धी जानकारी दिन, तथ्याङ्कको उपयोगिता बढाउन, तथ्याङ्कको प्रयोग गरी नीति निर्माण र निर्णय गर्न अभिप्रेरित गर्न, राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्य निकायले उत्पादन गरेका तथ्याङ्कको बारेमा अभिमूखीकरण गर्न तथा स्थानीय निकायहरुलाई राष्ट्रिय तथ्यगत विवरणमा तथ्याङ्क प्रविष्टी गर्न अभिप्रेरित गर्न, निकट भविष्यमा हुने गणना सर्वेक्षणको लागि पृष्ठपोषण लिन लगायतका उद्देश्यहरु राखेर स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनको समिक्षा,तथ्याङ्कीय साक्षरता कार्यक्रम,गणना तथा सर्वेक्षण सम्बन्धी,आर्थिक गणनाको तथ्याङ्क आवश्कता,रिवेसिङ् सम्बन्धी गरी जम्मा ५ प्रकारका १३ वटा गोष्ठी तथा अन्तर्किया कार्यक्रम यस कार्यालयले वार्षिकस्वीकृत कार्यक्रम बमोजिम सञ्चालन गरिएकोमा करिब ४४८ जना सुसूचित भएका थिए। जसको संक्षिप्त वर्णन निम्नानुसार गरिएको छ।

### २.४.१ स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण(NDP) कार्यान्वनको समिक्षा गोष्ठी

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक नेपालको शासकीय संरचना मूलतः सङ्घ, प्रदेश र स्थानीय गरी तीन तह हुने र राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानूनले व्यवस्था गरे बमोजिम गर्ने व्यवस्था गरेको छ। तथ्यमा आधारित नीति निर्माण र निर्णय गर्न स्थान, समाज र जनतासम्बन्धी आधारभूत तथ्याङ्क हरूको आवश्यकता हुने र यस्ता तथ्याङ्कहरूको व्यवस्थापन गर्ने जिम्मेवारी संविधानतःतीनवटै तहमा रहेको छ। पर्याप्त, गुणस्तरीय र सामयिक तथ्याङ्कको अभावमा नीति निर्माण र योजना तर्जुमाको कार्य कठिन हुन जान्छ। तथ्याङ्क सङ्कलन एक गतिशील प्रक्रिया भएको हुँदा यसको उत्पादन पनि निरन्तर हुन जरुरी हुन्छ। राज्यका सबै तहले नीति निर्माण, योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनका चरणमा तथ्याङ्कको अपरिहार्यतालाई आत्मसात गरिसकेको सन्दर्भमा स्थानीय सरकार देखि सङ्घीय सरकार सम्मको प्रयोगका लागि तथ्यगत विवरणहरूको भरपर्दो र दिगो आपूर्ति गर्ने संयन्त्रको स्थापना हुन वाञ्छनीय देखिन्छ। यस सन्दर्भमा सम्माननीय राष्ट्रपति ज्यू बाट आ.व. २०७५/७६ मा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदा बुँदा नं. २० मा “अबको हाम्रो विकास सूचना र तथ्याङ्क को गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ। त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भाबनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ” भन्ने महत्वपूर्ण नीतिबमोजिम “राष्ट्रिय तथ्यगत विवरण” कार्यक्रम शुरु गरिएको छ। यो कार्यक्रम अन्तर्गत आ.ब. २०८१/८२ मा यस कार्यालयको कार्य क्षेत्र भित्रका सबै पालिकाहरुमा सरोकारवाला व्यक्तिसंगको प्रत्यक्ष भेटघाट तथा मोबाइल इन्टरनेटको माध्यमबाट सम्पर्क गरी ८०% पालिकाहरुले केहिन केही तथ्याङ्क पोर्टलमा सम्बन्धित प्रविष्ट गर्न लगाइयो। साथै उक्त कार्यक्रमको कार्यान्वयनको समिक्षा गर्न कञ्चनपुर, कैलाली, डडेल्धुरा र दार्चुला गरी चार जिल्लामा गोष्ठी समेत गरियो। यि गोष्ठीबाट करिब १३७ जना सहभागीहरु सुसूचित भएका थिए।

### २.४.२ विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गोष्ठी

तथ्याङ्कको महत्व र प्रयोगका सम्बन्धमा विभिन्न सरोकारवालाहरूलाइ सचेत गराउन सकेमा तथ्यमा आधारित निर्णय तथा योजना प्रणालीको विकास गर्न सघाउ पुग्दछ। तथ्याङ्कीय साक्षरता कार्यक्रमले सहि तथ्याङ्कको प्राप्ती र यसको बैज्ञानिक प्रयोग गरी सीमित स्रोत साधनको उच्चतम प्रयोग गरी अधिकतम उपलब्धी हासिल गर्ने दिशा तर्फ उन्मूख गराउन प्रेरित गर्दछ। यसै कुरालाइ मनन् गरी आ.व. २०८१।८२ मा यस कार्यालयमा विवियोजित बजेट तथा कार्यक्रम अनुसार ४ पटक स्थानीय तहहरूको लागि साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो। यस कार्यक्रमलाई थप विस्तार गर्न आवश्यक देखिन्छ। यस कार्यक्रमबाट करिब १३७ जना सहभागीहरु सुसूचित भएका थिए।

### २.४.३ गणना तथा सर्वेक्षण सम्बन्धी गोष्ठी

तथ्याङ्कका प्रमुख स्रोतमा प्रशासनिक अभिलेख,गणना तथा सर्वेक्षण तथा बिग डाटा नै हुन । हाम्रो जस्तो विकासोन्मुख देशमा तथ्याङ्कीय साक्षरताको अभाव ,तथ्याङ्क व्यवस्थित रुपमा राख्न पूर्वाधार अभाव, भौगोलिक विकटता, प्रशासनिक अभिलेख पुर्ण नहुनु र प्रशासनिक अभिलेख व्यवस्थापन सरकारको प्राथमिकतामा नपर्नु जस्ता कारणले प्रशासनिक अभिलेखबाट मात्रै तथ्याङ्कको आवश्यकता परिपुर्ति गर्न नसकी बेला बखतमा राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्य निकायले विभिन्न सर्वेक्षण र गणना सञ्चालन गर्दछन । नेपालमा गरिने गणना तथा सर्वेक्षणको प्राप्त तथ्याङ्कको आवश्कता तथा महत्वको बारेमा सरोकारवालाई जानकारी गराउने उद्देश्यले गणना तथा सर्वेक्षणसम्बन्धी गोष्ठी डडेल्धुरा र बैतडी जिल्लामा सञ्चालन गरिएकोमा करिब १५१ जना सहभागीहरु सुसूचित भएका थिए।

### २.४.४ आर्थिक गणनाको तथ्याङ्क आवश्यकता बिषयमा गोष्ठी

नीति, योजना तथा कार्यक्रमहरुका लागि आवश्यक पर्ने आधारभूत र उपयोगी आर्थिक तथ्याङ्कको उत्पादनका लागि आधारशीला खडा गर्न,नियमित आर्थिक तथ्याङ्कको आधार (Benchmark data) तयार गर्न,देशको तल्लो प्रशासनिक इकाइहरुको समेत आधारभूत आर्थिक तथ्याङ्क उपलब्ध गराउन, राष्ट्रिय लेखा तथ्याङ्क प्रणालीको सुदृढिकरणमा सहयोग पुर्याउन,नेपाल व्यवसायिक रजिष्टरका लागि आधारभुत तथ्याङ्क उपलब्ध गराउन,विभिन्न आर्थिक क्षेत्रहरुको सर्वेक्षणहरुको लागि भरपर्दो स्याम्पलिङ्ग फ्रेम उपलब्ध गराउन र संविधानमा व्यवस्था भएको मौलिक हकहरुको कार्यान्वयन गर्न र त्यसको मूल्यांकन गर्न नेपालममा पहिलोपटक आर्थिक गणना २०७५ सालमा सम्पन्न गरिएको थियो । उक्त गणनाबाट प्राप्त तथ्याङ्कको आवश्यकता र महत्वको अनुभुति सरोकारवालाहरुलाई गराइ उपलब्ध तथ्याङ्कको महत्तम प्रयोग गर्न अभिप्रेरित गर्न तथा तथ्याङ्कको गुणस्तर बढाउन अगामी गणनाको लागि राय सुझाव तथा सल्लाह लिने उदेश्यले कैलाली र डडेल्धुरा जिल्लामा एक एक दिवसिय गोष्ठी आयोजना गरिएको थियो । यसबाट करिब ६० जना सहभागी सुसूचित भएका थिए।

### २.४.५ रिवेशिङ् सम्बन्धी गोष्ठी

राष्ट्रिय लेखाका तथ्याङ्क राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन एउटा नियमित प्रक्रिया हो जसमा पुरानो आधार वर्षको मूल्यमा आधारित अनुमानलाई पछिल्लो आधार वर्षको मूल्यले विस्थापित गरी अर्थतन्त्रको समग्र आर्थिक संरचना र वृद्धिको अनुमान अझ बढी भरपर्दो र विश्वसनीय बनाइन्छ । अर्थतन्त्र भित्रका गतिशील आर्थिक क्रियाकलापहरूको सही, भरपर्दो र विश्वसनीय ढंगले मापन गर्न, मूल्य तथा आर्थिक गतिविधिमा आएको परिवर्तन लगायत उपभोगमा आएको परिवर्तनका कारणले कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरण अनुसारको योगदानमा भएको संरचनात्मक परिवर्तनलाई अध्यावधिक गर्न र समष्टिगत आर्थिक सूचक वा परिसूचकहरूलाई अन्तर्राष्ट्रिय स्तरमा तुलनायोग्य बनाउन आधार बर्ष परिवर्तन गरिन्छ । राष्ट्रिय लेखा भनेको के हो?,आधार बर्ष परिवर्तन भनेको के हो र किन गरिन्छ?, आधारबर्ष परिवर्तनका लागि भइरहेका सर्वेक्षणको बारेमा सरोकारवालाई जानकारी गराउन र आधारबर्ष परिवर्तनका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउन सहयोग गर्न अनुरोध गर्ने उद्देश्यले कैलाली जिल्लामा गोष्ठी गरिएकोमा करिब ४३ जना सहभागीहरु सुसूचित भएका थिए ।

## २.५ सर्वेक्षण

### वन तथा मत्स्य (Fishery & Forestry) सर्वेक्षणः

माछा पालन गरिएका पोखरीहरको संख्या, जलाशयको क्षेत्रफल तथा उत्पादन अनुमान गर्ने, माछापालक कृषक/व्यवसायीहरूको बर्गिकरण गर्ने एवं मत्स्य विकासका लागि योजना तथा नीति निर्माण गर्न आवश्यक मत्स्य तथ्याङ्क उपलब्ध गराउने साथै वन संग सम्बन्धित सर्वेक्षणका लागि ढाँचा अद्यावधिक गर्दै वन सम्बन्धी नीति निर्माण, योजनाका लागी र अध्ययन अनुसन्धानका लागि तथ्याङ्क उपलब्ध गराउने उद्देश्यका साथ आ.व. २०८१।८२ मा मत्स्य तथा वन तथ्याङ्क सर्वेक्षणका लागि सूचिकरण कार्य यस कार्यालयका कार्यक्षेत्रका जिल्लाहरूमा सञ्चालन गरिएको थियो । करिब ९४७ वटा वनको सूचि र १४५५ पोखरीको सूचि तयार गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाईएको छ ।

### निजी शिक्षण संस्था सर्वेक्षण

चालू अवस्थामा रहेका निजी शिक्षण संस्थाहरूको नेपालस्तरीय औद्योगिक वर्गीकरण (Nepal StandardIndustrial Classification - NSIC) अनुसारको संरचनागत स्थिति पहिचान गर्नु, यस क्षेत्रका शैक्षिक संस्थामा संलग्न जनशक्तिसम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु, निजी शिक्षण संस्थाले उत्पादन गरेका सेवाहरूको (Central Product Classification - CPC) अनुसार तथ्याङ्क उपलब्ध गराउनु, निजी शिक्षण संस्थाहरूले सेवा उपलव्ध गराउँदाको लागत मूल्य (Input value), उत्पादन मूल्य (Output value) र मूल्य अभिवृद्धि (Value added) का अनुमानहरू तथा पूँजी र स्थायी सम्पत्ति सम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु, निजी शिक्षण संस्थाहरूमा उपलव्ध सेवा सुविधाहरूको अवस्था, भौतिक पूर्वाधार, फोहर व्यवस्थापन, दुर्घटना लगायत अन्य विविध विषयसँग सम्बन्धित तथ्याङ्क उपलब्ध गराउनु,यस क्षेत्रमा विद्यमान समस्याहरूको पहिचान गर्नु आदि उद्देश्यहरू राखेर निजी शिक्षण संस्था सर्वेक्षण २०८१ सञ्चालित भएकोमा यस समन्वय कार्यालय कैलालीको कार्यक्षेत्र अन्तर्गत परेका नमुना एकाइ ३१६ मध्ये २९० वटा नमुना एकाइको तथ्याङ्क संकलन तथा प्रविष्टि समेत गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा समयमै पठाइयो ।

### व्यावसायिक कुखुरापालन सर्वेक्षण, २०८१

नेपालमा कुखुरापालनको सुरुवात प्राचीन समयदेखि हुँदै आएको देखिन्छ । सुरु-सुरुमा घरायसी उपभोगका लागि मात्र थोरै संख्यामा कुखुरापालन गर्दै आएकोमा जनसंख्या वृद्धि, बदलिंदो परिवेश,खानपानमा आएको परिवर्तन र उन्नत प्रविधि तथा नश्लको विकाससँगै विगत चार दशक देखि नेपालमा कुखुरापालन व्यवसाय निकै द्रुत गतिमा फस्टाउँदै आएको छ । कुखुराको मासु र अण्डाको माग दिनानुदिन बढ्दै गएको परिप्रेक्ष्यमा यो व्यवसाय नेपालको सन्दर्भमा निकै महत्वपूर्ण रहि आएको छ । कम समयमै लगानीको प्रतिफल आउने, थोरै जमिन र कम पुँजी हुने व्यवसायी तथा किसानले समेत सजिलै व्यवसाय सञ्चालन गर्न सक्ने हुनाले हालका दिनमा यो व्यवसायले राष्ट्रिय अर्थतन्त्रमा नै अहम् भूमिका निभाउँदै आएको छ । कुखुरापालन व्यवसायसम्बन्धी तथ्याङ्कको महत्व दिनानुदिन बढ्दै गइरहेको छ। यस व्यवसायको भौतिक संरचना, रोजगारीको अवसर, आयआर्जनको स्थिति, वातावरणीय प्रभाव, कुखुरामा लाग्ने रोगको प्रकार र प्रकृति, सरकारी/गैरसरकारी सेवाको उपलब्धता लगायत व्यावसायिक उन्नतिको लागि सरकारसँगको अपेक्षा आदि समेटिएको तथ्याङ्क तथा सूचनाको आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकार, साबिकको केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७१/७२ मा व्यावसायिक कुखुरापालन

सर्वेक्षण सञ्चालन गरेको थियो । सो समयमा गरिएको सर्वेक्षणको महत्व, उपयोगिता र आवश्यकतालाई मध्यनजर गर्दै कार्यालयले चालु आ.व. २०८१/८२ मा दोश्रो व्यावसायिक कुखुरापालन सर्वेक्षण सम्पन्न भएको छ । तथ्याङ्क समन्वय कार्यालय कैलालीको कार्यक्षेत्र अन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त २४० वटा नमुना बाट शत प्रतिशत तथ्याङ्क संकलन गरी समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइयो ।

## अस्थायी बाली लागत उत्पादन सर्वेक्षण २०८१

मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्त्वपूर्ण योगदान रही आएको छ। अर्थतन्त्रमा कृषि क्षेत्रको योगदानलाई अभिवृद्धि गर्न प्रभावकारी कृषि नीति तथा योजनाको आवश्यकता हुन्छ। वस्तुपरक कृषि नीति निर्माणका लागि नियमित रूपमा कृषिसम्बन्धी तथ्याङ्कको उपलब्धता हुन आवश्यक छ । आर्थिक वर्ष २०८०/८१ को राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमान अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषि, बन तथा मत्स्यपालन क्षेत्रको योगदान २४.१ प्रतिशत रहेको छ । आर्थिक नीति निर्माण गर्न समष्टिगत आर्थिक परिसूचकको अनुमान आवश्यक हुन्छ । समष्टिगत आर्थिक परिसूचकहरू राष्ट्रिय लेखा अनुमान मार्फत प्राप्त हुन्छन्। नेपालमा विगत छ दशक देखि राष्ट्रिय तथ्याङ् कार्यालय (साविकको केन्द्रीय तथ्याङ्क विभाग) ले वार्षिकरूपमा राष्ट्रिय लेखा अनुमान सम्बन्धि तथ्याङ्क तयार गरी उपलव्ध गराउँदै आएको छ । राष्ट्रिय लेखा प्रणालीले निर्दिष्ट गरे अनुसार विभिन्न आर्थिक क्रियाकलापहरूको लेखाजोखा गरी कुल गार्हस्थ्य उत्पादन र यसमा आधारित अन्य सूचकहरूलाई समय सापेक्ष अध्यावधिक गर्नु आवश्यक हुन्छ । यस प्रसंगमा कृषिक्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) अनुमानलाई बढी भरपर्दो र यथार्थपरक वनाउन विभिन्न कृषि बालीहरूको उत्पादन लागत सम्बन्धी तथ्याङ्क आवश्यक हुन्छ । यसको अतिरिक्त, बालिको न्युनतम समर्थन मूल्य निर्धारण, बाली बिमा, कृषि ऋण, कृषकहरूलाई कृषि सामाग्रीमा अनुदान समेतको प्रयोजनको लागि उत्पादन लागत तथ्याङ्कको प्रयोग गरिन्छ । यसै परिप्रेक्ष्यमा राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिककार्यकम बमोजिम "अस्थायी बालीहरूको उत्पादन लागत अनुमान तथ्याङ्क संकलन गर्ने कार्यक्रम रहेको थियो। तथ्याङ्क समन्वय कार्यालय कैलालीको कार्यक्षेत्र भित्र नमुना छनौटमा परेका २२० नमुना मध्ये २१६ वटा नमुनाको गणना गरी तथ्याङ्क प्रविष्टि गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा समयमै पठाइयो ।

## राष्ट्रिय लेखा आधारबर्ष परिवर्तन सर्वेक्षण

मुलुकको समग्र विकासका लागि आर्थिक तथा सामाजिक नीति निर्माण गर्न समष्टिगत आर्थिक परिसूचकहरु आवश्यक हुन्छ । ती परिसूचकहरु विगत झण्डै ६० बर्ष देखि राष्ट्रिय तथ्याङ्क कार्यालय (साविकको केन्द्रीय तथ्याङ्क विभाग) ले तयार गरी उपलब्ध गराउदै आएको छ । राष्ट्रिय लेखा प्रणालीले निर्दिष्ट गरे अनुसार विभिन्न आर्थिक क्रियाकलापहरुको लेखाजोखा गरी कुल गार्हस्थ उत्पादन र यसमा आधारित अन्य सूचकहरु अनुमान गरिन्छ । गतिशील आर्थिक गतिविधिलाई समयसापेक्ष अध्यावधिक गरी यी सूचकहरुलाई अझ बढी भरपर्दो र विश्वसनीय बनाउने क्रममा राष्ट्रिय लेखाका अनुमानको आधार बर्षलाई कम्तिमा १० बर्षको अन्तरालमा परिवर्तन गरी वि. स. २०७७/७८ लाई नयाँ आधारबर्ष तय गरिने भएको छ । यसका लागि अर्थतन्त्र भित्रको सम्पुर्ण आर्थिक क्रियाकलापहरुसँग सम्बन्धित उत्पादन, आम्दानी, खर्च लगायत रोजगार सम्बन्धी विवरणहरु अत्याआवश्यक हुन्छ । यस्ता विवरणहरु विभिन्न क्षेत्रका गणना /सर्वेक्षण /अध्ययनबाट संकलन गरिन्छ ।

राष्ट्रिय लेखा अनुमानहरुको आधारबर्ष परिवर्तन गर्ने सन्दर्भमा गत आ.ब. २०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराएको ३६ वटा प्रतिष्ठानहरुको सूचि र फारम बमोजिम तथ्याङ्क संकलन, प्रविष्टि गरि राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाईएको छ।

## आन्तरिक पर्यटन सर्वेक्षण

नेपाल प्रकृतिक सुन्दरता, भौगोलिक विविधता, ऐतिहासिक सम्पदा तथा सामाजिक विविधता जस्ता दृष्टिले भरिपूर्ण रहेकोले देशको आर्थिक विकासमा आन्तरिक पर्यटनको ठूलो संभावना र महत्व छ। आन्तरिक पर्यटनले अर्थतन्त्रमा गहिरो प्रभाव पार्दछ। यसबाट गन्तव्य स्थानको स्थानीय आर्थिक तथा सामाजिक विकासमा सघाउ पुग्नुका साथै भ्रमणकर्ता स्वयम् पनि सुसूचित हुन्छन। पर्यटन विविध क्षेत्रसंग सम्बन्धित हुने भएकाले आय आर्जन र रोजगारी सिर्जनाको हिसाबले आन्तरिक पर्यटन अन्तर्गतका क्रियाकलापहरुको ठुलो योगदान हुन्छ। भरपर्दो पर्यटन तथ्याङ्ङ्कबाट सरकारलाई पर्यटनसँग सम्बन्धित बजार रणनीति तय गर्न, पर्यटन सम्बन्धी नीति तथा योजना बनाउन र अर्थतन्त्रमा पर्यटन क्षेत्रले पुर्याएको योगदानको मापन गर्न मद्धत पुग्दछ। यसरी पर्यटकीय तथ्याङ्कको आपूर्तिको लागि आन्तरिक पर्यटन सर्वेक्षण अपरिहार्य छ। यसका साथै TSA तयार गर्नको लागि आन्तरिक पर्यटनको तथ्याङ्क आवश्यक छ। गत आ.व. मा यस कार्यालयले ३२ प्राथमिक छनोट एकाइ ( Primary sampling Units ) मा गई प्रत्येक एकाइको सूचिकरण गरी Systematic Sampling Method प्रयोग गरी प्रत्येक एकाइबाट १२/१२ घरपरिवारको विस्तृत विवरण संकलन गरी पठाईएको छ।

## नाफा नकमाउने संस्थाहरुको सर्वेक्षण :

राष्ट्रिय लेखा अनुमानको आधार बर्ष २०६७/२०६८ लाई परिवर्तन गरी नयँ आधार बर्ष २०७७/२०७८ बनाउने उद्देश्यले सञ्चालित यस नाफा नकमाइ घर परिवारलाई सहयोग गर्ने सर्वेक्षणको नमुना छनोटमा परेका यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने ९८ वटा प्रतिष्ठानहरुको आ.व. २०८१/८२ मा तथ्याङ्क संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको थियो।

## २.६ प्रदेश वस्तुगत विवरण तथा ब्रोसर प्रकाशन

खण्डीकृत तथ्याङ्क समयको माग हो। नेपालको संविधानले ७ प्रदेश, ७७ जिल्ला र ७५३ ओटा स्थानीय तहको शासकीय संरचनालाई आत्मसात गरेको सन्दर्भमा नीति, योजना तथा सालबसाली विकास कार्यक्रमहरूका लागि तत् तहका वस्तुगत विवरणहरू अपरिहार्य हुन्छन्। तथ्यसम्मत निर्णय निर्माण प्रक्रियालाई संघीयदेखि स्थानीय तहसम्मका राजनैतिक तथा प्रशासनिक नेतृत्वले वकालत गरिरहेको अवस्थामा समसामयिक, भरपर्दो र खण्डीकृत तथ्याङ्कको नियमित आपूर्ति एक चुनौतीका रूपमा उभिएको छ। गणना तथा सर्वेक्षणहरू निश्चित अन्तरालमा मात्र हुने र प्रशासनिक अभिलेखहरूको न्यून प्रशोधन एवम् उपयोग हुने गरेको परिप्रेक्ष्यमा प्रत्येक वर्ष जिल्ला वा स्थानीयस्तरको वस्तुगत विवरण तयार गर्नु तत्काल सम्भव देखिन्न।जिल्लास्थित तथ्याङ्क कार्यालयहरूले विगतमा पनि आफ्नो कार्यक्षेत्रभित्रका सबै जिल्लाहरूको जिल्ला वस्तुगत विवरणहरू प्रकाशन गरेको तथ्य यहाँ स्मरणीय छ। ती प्रकाशनहरूको माग र प्रयोग स्थानीय प्रयोगकर्ताहरूबाट व्यापक रूपमा भएको अनुभव हामीसँग छ। हामीले प्रकाशन गरेका जिल्ला वस्तुगत विवरणहरूको विभिन्न क्षेत्रबाट प्रशंसा पनि हुने गरेको कुरा गर्वको विषय हो। पछिल्लो पटक तथ्याङ्क कार्यालयहरूले प्रकाशन गरेका जिल्ला वस्तुगत विवरणहरूको समयसापेक्ष

प्रयोग कुनै कुनै खण्डबाहेक समाप्तप्रायः भएको अवस्था छ । त्यस यता हामीले विभिन्न गणना तथा सर्वेक्षणहरू सम्पन्न गरिसक्यौँ । अरू तथ्याङ्कीय निकायहरूले पनि सर्वेक्षणका नतिजाहरू प्रकाशनमा ल्याएका छन् ।कतिपय स्थानीय तहहरूले पनि संविधानप्रदत्त अधिकारको प्रयोग गर्दै तथ्याङ्क उत्पादन र त्यसको अधिकतम प्रयोगतर्फ अग्रसरता देखाइरहेको पाइन्छ । केही वर्ष अगाडि नेपाल सरकारले राष्ट्रिय तथ्यगत विवरणको अवधारणा अगाडि सारेको प्रसङ्ग यहाँ स्मरणीय हुन आउँछ । राष्ट्रिय तथ्यगत विवरण पूर्ण कार्यान्वयन भएको अवस्थामा स्थानीय तहसम्मको डिजिटल प्रोफाइल उपलब्ध हुने सम्भावना पनि हामीसँग छँदै छ । संघ, प्रदेश र स्थानीय तहको सक्रिय सहभागिता र स्वामित्व प्राप्त हुन सक्यो भने राष्ट्रिय तथ्यगत विवरण कार्यक्रममार्फत् प्रदेश, जिल्ला र स्थानीयस्तरका डिजिटल प्रोफाइल पनि प्रयोगकर्ताहरूको लागि उपलब्ध हुनसक्ने देखिन्छ । तसर्थ यस कार्यालयको आ.ब. २०८१/८२ को स्विकृत कार्यक्रम बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश वस्तुगत विवरण तयार गर्दा आवश्यक पर्ने तथ्याङ्क संकलन गरेर प्रदेश वस्तुगत विवरण प्रकाशन गरि सुदूरपश्चिम प्रदेशका सम्पूर्ण कार्यालयहरु , तथ्याङ्क समन्वय कार्यालयहरु र राष्ट्रिय तथ्यांङक कार्यालय तथा सरोकारवाला संघसंस्था निकाय तथा व्यक्तिलाई वितरण गरिएको छ

# खण्ड ३

# जनतालाई दिइने सेवा तथा त्यसको व्यवस्थापन

## ३.१ कार्यालयमा प्रकाशन र वितरणको व्यवस्था :

तथ्याङ्क समन्वय कार्यालय कैलालीमा राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयहरुका प्रकाशनहरु वितरण र तथ्याङ्क उपलव्ध गराउने उद्देश्यले तथ्याङ्क प्रयोगकर्ताहरु तथा सर्वसाधारण जनताहरुको लागि पुस्तकालयको व्यवस्था गरिएको छ। कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका जिल्लाहरुको जिल्ला प्रोफाईल, ब्रोसर जस्ता प्रकाशन सामग्रीहरु आंफै प्रकाशन गर्ने गर्दछ भने अन्य केन्द्रीय स्तरका प्रकाशनहरु राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त हुने गर्दछन्। कार्यालयमा तथ्याङ्क माग गर्न आउने सेवाग्राहीहरुलाई कार्यालयको सामाजिक विकास तथा पुस्तकालय फाँटबाट नि:शुल्क रुपमा तथ्याङ्क एवं प्रकाशनहरु सहज रुपमा उपलव्ध गराउने कार्य गरिन्छ।

## ३.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशनहरुको माग तथा आपूर्ती व्यवस्था

राष्ट्रिय तथ्याङ्क कार्यालय बाट प्रकाशित हुने नियमित तथा आवधिक प्रकाशनहरु राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशन वितरण तथा पुस्तकालय शाखाले यस कार्यालयमा नियमित रुपमा पठाउने गरेको छ तर कहिलेकाहीं विविध कारणले गर्दा प्रकाशनहरु ढिलो गरि आईपुग्ने गर्दछन्। राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशन वितरण तथा पुस्तकालय शाखामा सम्पर्क गरि कम भएका वा प्राप्त नभएका प्रकाशनहरु माग गर्ने पनि गरिएको छ। यसरी माग गरिएका प्रकाशनहरु राष्ट्रिय तथ्याङ्क कार्यालय बाट समेत आपूर्ती हुने गरेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालय बाट प्राप्त हुने प्रकाशनहरुको कार्यालयमा अभिलेख समेत राख्ने गरिएको छ।

## ३.३ पुस्तकालयको स्थापना तथा प्रयोग

यस कार्यालयमा आ.व.२०८१/८२ देखि पुस्तकालयको व्यवस्था गरिएको छ। पुस्तकालयमा राष्ट्रिय तथ्याङ्क कार्यालय बाट तथ्याङ्क समन्वय कार्यालय कैलाली र अन्य तथ्याङ्क समन्वय कार्यालयबाट प्रकाशन भएका प्रकाशनहरु राखिएको छ। पुस्तकालयमा पुस्तकहरु सहज रुपमा सेवग्राही हरुलाई उपलव्ध गराउने र अध्यनका लागि याप्त रुपमा फर्निचरहरुको व्यवस्था मिलाईएको छ। कार्यालय समय भित्र जुनसुकै बेला पनि पुस्तकालयमा पुस्तकहरु अध्ययन गर्न सकिन्छ।

## ३.४ कार्यालयबाट जारी भएको नागरिक बडापत्र

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, कैलाली
नागरिक वडापत्र

| क्र.सं. | सेवाका प्रकार | पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार फाँट/कर्मचारी | कै. |
|---|---|---|---|---|---|---|
| १. | गणना सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु.४००० ।- (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेकअन्य नेपाली नागरिक रु ५०००।- (ग) सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ८०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| २. | सर्वेक्षण सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. २५००।– (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेकअन्य नेपाली नागरिक रु. ३०००।- (ग) सरकारी निकाय/ संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ५०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| ३. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपी | | | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | लाग्ने खर्च सम्बन्धित निकाय वा संस्थाले व्यहोर्नु पर्ने |
| ४. | प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन फाँट | |
| ५. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन फाँट | |

सूचना अधिकारी: दान बहादुर ऐडी
सम्पर्क नम्बरः ९८५८४८१३४६
ईमेलः aide.dan26@gmail.com

तालुक निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
सम्पर्क नम्बरः०१- ५३४५९४६
ईमेलःinfo@nsonepal.gov.np

## ३.५ सेवा प्रवाह प्रकृया तथा व्यवस्थापन

सेवा प्राप्त गर्नको लागि सेवा ग्राहीहरुले सामाजिक विकास तथा पुस्तकालय फाँट वा सोझै कार्यालय प्रमुख संग समेत सम्पर्क गर्न पाउने व्यवस्था गरिएको छ । पुस्तकालयमै बसी अध्ययन गर्न चाहनेले विभिन्न संघ संस्था र कार्यालयले लिखित रुपमा पत्राचार गरे अनुसार वा व्यक्तिगत रुपमा उपस्थित भई तथ्याङ्क, प्रकाशनहरु एवं अन्य सेवा उपलव्ध गराई पाउँ भनेमा कार्यालयमा उपलव्ध भए सम्मको तथ्याङ्क तथा प्रकाशनहरु निःशुल्क उपलब्ध गराइनेछ ।

# खण्ड - ४

## कार्यालयको आर्थिक प्रशासन विवरण

### ४.१ गत आ .ब. २०८१/८२ को बजेट, खर्च, भौतिक तथा वित्तीय प्रगति


आ.ब. २०८१/८२ मा यस कार्यलयको सञ्चालनका लागि शुरुमा पुँजीगत तर्फ ५ लाख र चालु तर्फ २ करोड ४५ लाख ६१ हजार गरी जम्मा २ करोड ५० लाख बजेट विनीयोजन गरिएकोमा पछि केहि बजेट रोक्का भइ पूँजीगत तर्फ रु ५ लाख र चालु तर्फ २ करोड ३९ लाख ५८ हजार ९२८ गरी अन्तिम बजेट २ करोड ४४ लाख ५८ हजार ९२८ कायम भएको थियो। पुंजीगत तर्फ विनियोजित अन्तिम बजेट मध्ये ५ लाख र चालु तर्फ १ करोड ८१ लाख ८९ हजार ७ ६१ पैसा ६२ बजेट खर्च भएको थियो। यस कार्यालयलाई विनियोजित जम्मा बजेट मध्ये १ करोड ८६ लाख ८९ हजार ७६१ पैसा ६२ बजेट खर्च भएको थियो। पुँजीगत तर्फको वित्तिय प्रगति भौतिक प्रगति १०० प्रतिशत रहेको थियो भने चालु तर्फ वित्तिय प्रगति ७५.९२ प्रतिशत र भौतिक प्रगति १०० प्रतिशत रहेको थियो। समग्रमा वित्तिय प्रगति ७६.४१ प्रतिशत र भौतिक प्रगति १०० प्रतिशत रहेको थियो। त्यस्तै कार्यक्रम तर्फको वित्तिय प्रगति ७२.६४ प्रतिशत र भौतिक प्रगति १०० प्रतिशत रहेको थियो।

| खर्च शिर्षक | बजेट ( रु ) | खर्च ( रु ) | खर्च प्रतिशत |
|---|---|---|---|
| पुंजीगत बजेट | ५००००० | ५००००० | १०० |
| चालु बजेट | | | |
| २११११ पारिश्रमिक कर्मचारी | ११,८६६,०००.०० | ८,९०४,८३२.९० | ७५.०४५ |
| २११२१ पोशाक | १९०,०००.०० | १६०,०००.०० | ८४.२११ |
| २११३२ महंगी भत्ता | ४०८,०००.०० | ३३५,०००.०० | ८२.१०८ |
| २११३९ अन्य भत्ता | ५८,०००.०० | २९,१२५.०० | ५०.२१६ |
| २१२१२ योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | १०८,०००.०० | ७७,३१३.७८ | ७१.५८७ |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | ८२,०००.०० | ६८,२३९.९४ | ८३.२१९ |
| २२१११ पानी तथा बिजुली | १८६,०००.०० | ९७,७७५.०० | ५२.५६७ |
| २२११२ संचार महसुल | १२५,०००.०० | ६३,६४०.०० | ५०.९१२ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ७७१,०००.०० | ३७२,३१६.०० | ४८.२९ |
| २२२१३ सवारी साधन मर्मत खर्च | २२८,०००.०० | २२५,९५१.०० | ९९.१०१ |
| २२२१४ वीमा तथा नवीकरण खर्च | ९०,०००.०० | ४९,७१९.०० | ५५.२४३ |
| २२२२१ मेशिनरी तथा औजार मर्मतसम्भार तथा सञ्चालन खर्च | ७५,०००.०० | ७४,७९५.०० | ९९.७२७ |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४८०,०००.०० | ४७९,९७२.०० | ९९.९९४ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ५३,०००.०० | ७,७४०.०० | १४.६०४ |
| २२४१३ करार सेवा शुल्क | ७३९,०००.०० | ७३९,०००.०० | १००.०० |
| २२५२२ कार्यक्रम खर्च | ६,३३५,९२८.०० | ४,४९५,३४१.०० | ७०.९५ |
| कर्मचारी सरुवा भ्रमण खर्च | १६८,०००.०० | १४८,३६०.०० | ८८.३१ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ४३६,०००.०० | ३९६,५७९.०० | ९०.९५८ |
| घरभाडा | १,२००,०००.०० | १,२००,०००.०० | १००.०० |
| २२७११ विविध खर्च | ३६०,०००.०० | २६४,०२२.०० | ७३.३३९ |
| **चालु जम्मा** | **२३,९५८,९२८.००** | **१८,१८९,७२१.६२** | **७५.९२** |
| **चालु र पुजिगत जम्मा** | **२४४५८९२८.००** | **१८६८९७२१.६२** | **७६.४१** |

## ४.२ कार्यक्रम तर्फको वार्षिकबजेट, खर्च, वित्तिय र भौतिक प्रगति

| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | असार महिना सम्मको खर्च | वित्तिय प्रगति (प्रतिशत) | भौतिक प्रगति (प्रतिशत) |
|---|---|---|---|---|
| 2.7.25.722 त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | १५९,८३०.०० | १३९,७६५.०० | ८७.४४६ | १००.०० |
| 2.7.25.723 वार्षिकराष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | १९६,८८१.०० | १४१,१४५.०० | ७१.६९१ | १००.०० |
| 2.7.25.724 व्यवसायिक कुखुरापालन सर्वेक्षण सूचिकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा निरिक्षण | १८१,६७९.०० | ९७,३९०.०० | ५३.६०६ | १००.०० |
| 2.7.25.725 व्यवसायिक कुखुरापालन सर्वेक्षणको मुख्य फिल्ड कार्य तथा निरिक्षण | २१५,५८७.०० | २००,६९०.०० | ९३.०९ | १००.०० |
| 2.7.25.726 त्रैमासिक ओद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्याङ्क संकलन तथा सुपरिवेक्षण | २६९,८५५.०० | १९७,३६०.०० | ७३.१३६ | १००.०० |
| 2.7.25.727 अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program) सम्बन्धी मूल्य तथ्याङ्क | २३०,६२०.०० | २२३,२००.०० | ९६.७८३ | १००.०० |
| 2.7.25.728 कृषि तथ्याङ्क संकलन एवं संकलनमा सहजीकरणको लागि अगुवा किसान (नियमित र नयाँ | ७४,९५०.०० | ७१,०६०.०० | ९४.८१ | १००.०० |
| 2.7.25.729 निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य | १०४,३४५.०० | १०२,६८०.०० | ९८.४०४ | १००.०० |
| 2.7.25.731 नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक | ३२०,४२२.०० | २७८,६१०.०० | ८६.९५१ | १००.०० |
| 2.7.25.732 नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक सुपरिवेक्षण | ४६,२६२.०० | ३२,०५०.०० | ६९.२७९ | १००.०० |
| 2.7.25.733 मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक गर्ने कार्यको लागि तथ्याङ्क संकलन | १६९,८०२.०० | १६८,३३०.०० | ९९.१३३ | १००.०० |
| 2.7.25.734 तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को | १०५,०००.०० | १०४,१७०.०० | ९९.२१ | १००.०० |
| 2.7.25.735 तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को | ३४९,७३२.०० | ३३६,९०९.०० | ९६.३३३ | १००.०० |
| 2.7.25.737 गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | १५०,०००.०० | १४७,४००.०० | ९८.२६७ | १००.०० |
| 2.7.25.741 NPISHs सम्बन्धी सूचिकरण गर्ने तथा अध्यावधिक गर्ने। | २६,२५०.०० | ०.०० | ०.०० | १००.०० |
| 2.7.25.741 NPISHs सम्बन्धी सर्वेक्षण गर्ने। | ११९,२१०.०० | ११९,२१०.०० | १००.०० | १००.०० |
| 2.7.25.742 वार्षिक प्रगति प्रतिवेदन २०८१ | २२,५००.०० | ०.०० | ०.०० | १००.०० |
| 2.7.25.743 आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा | ८८,५००.०० | ८५,७५०.०० | ९६.८९३ | १००.०० |
| 2.7.25.744 जिल्लामा आर्थिक गणनाको प्रश्नावली परिक्षण | ६०,०००.०० | ६०,०००.०० | १००.०० | १००.०० |
| अस्थायी वाली उत्पादन लागत सर्वेक्षण | १७६,७९०.०० | १७६,७९०.०० | १००.०० | १००.०० |
| 2.7.25.749 कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च | ६७,५००.०० | ६०,०००.०० | ८८.८८९ | १००.०० |
| 2.7.25.752 ब्रोसर तयारी तथा छपाई कार्य | १५०,०००.०० | ११,८६५.०० | ७.९१ | १००.०० |
| 2.7.25.756 निजी शिक्षण संस्था सर्वेक्षणको तथ्याङ्क संकलनका लागि खटिने गणकको तलब/दैनिक भ्रमण भत्ता | ३०७,५००.०० | २८९,४८२.०० | ९४.१४ | १००.०० |
| 2.7.25.757 विभिन्न सूचकहरु सहितको प्रदेश वस्तुगत विवरण तयारी तथा प्रकाशन | ६४४,६८६.०० | ३५८,१९५.०० | ५५.५६१ | १००.०० |
| 2.7.25.761 तथ्याङ्क संकलन र अनुगमन तथा सुपरिवेक्षणका लागि खटिने गणकको दैनिक भ्रमण भत्ता रकम | ४६२,५३७.०० | ११२,८८०.०० | २४.४०५ | १००.०० |
| 2.7.25.762 गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल( रा.ले.) | २२,५००.०० | २२,२००.०० | ९८.६६७ | १००.०० |
| 2.7.25.763 विविध खर्च (फोटोकपी तथा कार्यलय सञ्चालन खर्च)( रा.ले.Rebasing सम्बन्धि कार्यको) | १८,७५०.०० | १८,७५०.०० | १००.०० | १००.०० |
| 2.7.25.765 निजी शिक्षण संस्था सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलन कार्यको अनुगमन तथा निरिक्षण | ७,५००.०० | ०.०० | ०.०० | १००.०० |
| 2.7.25.768 आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलनको लागि भ्रमण खर्च | १,१७०,६४०.०० | ९८४,६००.०० | ८४.१०८ | १००.०० |
| 2.7.25.777 विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन | ३४९,६००.०० | ३४५,८६०.०० | ९८.९३ | १००.०० |
| 2.7.25.792 तथ्याङ्क संकलनका लागि खटिने करारका गणकको लागि ४ महिनाको तलब डाटा Entry | ७,५००.०० | ०.०० | ०.०० | ०.०० |
| 2.7.25.807 Ratio method of Population Projection गर्ने | ४५०,०००.०० | ०.०० | ०.०० | ०.०० |
| कार्यक्रम तर्फको जम्मा | ६,७२६,९२८.०० | ४,८८६,३४१.०० | ७२.६४ | १००.०० |

### ४.३ चालु बजेट र खर्च, कार्यक्रम बजेट र खर्च पुँजीगत बजेट र खर्च र जम्मा बजेट र खर्च स्तम्भ ग्राफ चित्रमा




### ४.४ बेरुजुको अवस्था

कार्यालय संचालनको सिलसिलामा यस कार्यालयमा हुन गएका विभिन्न बेरुजुहरु समयमै कारबाहि चलाई फछ्र्यौट गरिएको छ। कार्यालय स्थापना देखिका बेरुजुहरु नियमित गर्नुपर्ने भए नियमित र असुल गर्नु पर्ने असुल उपर गराई लगत कट्टा गराई पञ्जीकरण गर्ने कार्य वार्षिक रुपमा हुदै आएको छ। विभिन्न आर्थिक वर्षहरुमा औंल्याएका बेरुजु शिर्षकहरु उपर यस कार्यालयबाट आवश्यक कारवाही गरि समपरीक्षण भै सकेका छन्। गत आ.व.२०८१/८२ का सम्पूर्ण श्रेस्ताहरुको आन्तरिक लेखा परीक्षण सकिएको हुनाले उक्त लेखा परीक्षणको प्रतिवेदन अनुसार कुनै पनि किसिमको बेरुजु देखिएको छैन।

### ४.५ कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण

यस कार्यालयबाट सञ्चालन गरिने वार्षिककार्यक्रमका फिल्ड कार्यहरुको अनुगमन तथा सुपरिवेक्षण नियमित रुपमा गरिदै आएको छ। फिल्ड निरीक्षणमा गणक कर्मचारी तथा उत्तरदाता दुवै संग प्रत्यक्ष वा अप्रत्क्ष्य रुपमा सम्पर्क राखि गर्ने गरिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने कार्यक्रमका फिल्ड कार्यहरुको पनि निर्देशनानुसार निरीक्षण यस कार्यालयले गर्दै आएको छ र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट कतिपय कार्य सम्पादनको सिलसिलामा फिल्ड निरीक्षणका लागि आएका निरीक्षकहरुलाइ फिल्ड निरीक्षणमा सहयोगीको भूमिका समेत यस कार्यालयले खेल्दै आएको छ। भगौलिक विकटता, यातायातका साधनको अभाव र राष्ट्रिय तथ्याङ्क कार्यालयले गत आ. ब . मा सञ्चालन गरेका व्यावसायिक कुखुरापलन, अस्थायी वाली लागत उत्पादन,रिवेशिङ, नाफा नकमाइ घरपरिवारलाई सहयोग गर्ने आदि सर्वेक्षण एकै समयमा सञ्चालन हुँदा गुणस्तरीय सुपरिवेक्षण तथा अनुगमन गर्न गाह्रो भयो।

राष्ट्रिय तथ्याङ्क कार्यालयको कामको सिलसिलामा तथा कार्यालयकै कार्य सम्पादनको निरीक्षणका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट यस कार्यालयमा पाल्नु भएका निरीक्षणकर्ताहरुको विवरण र सुझाव तथा प्रतिक्रियाहरु यस प्रकार रहेका छन्।

| सि.न. | निरिक्षण मिति | निरीक्षणकर्ता | पद | उद्देश्य | सुझाव तथा प्रतिक्रियाहरु |
|---|---|---|---|---|---|
| १ | २०८१।५।१३ - १७ | पदमराज पाण्डे | निर्देशक | कार्यालयको अनुगमन | कार्यालयको व्यवस्थापन राम्रो भएको। |
| २ | २०८१।७।९ -१३ | कमलराज जोशी | त.अ. | आन्तरिक पर्यटन . सर्वेक्षणको अनुगमन | आन्तरिक पर्यटन सर्वेक्षणको तथ्याङ्क संकलन र सुपरिवेक्षण तथा अनुगमन कार्य राम्रो भएको। |
| ३ | २०८१।७।१० -१३ | कपिलदेव जोशी | | | |
| ४ | २०८१।७।१० -१३ | राजेश धिताल<br>पृथ्वी विजय राज सिजापति<br>सुरेश कायस्थ | निर्देशक<br>त.अ.<br>क.अ.<br>सुपरिवेक्षक | नीजि शिक्षण संस्था सर्वेक्षणको प्रश्नावली छलफल | कार्यालयका कार्यक्रम नियमित रुपमा भइराखेको । |
| ५ | २०८१।०७।१३ -१४ | डा. शरद कुमार शर्मा<br>ज्योति केसी<br>चमेली पोखरेल | उप प्रमुख तथ्याङ्क अधिकारी<br>कम्प्युटर अधिकृत | कार्यालय अनुगमन | वार्षिककार्यक्रम, दरबन्दी पदपुर्तिको अवस्था, कार्यालयमा स्रोत साधनको अवस्था,नियमित तथ्याङ्क संकलन कार्य विषयमा जानकारी लिदै तथ्याङ्किय गुणस्तर बढाउन जोड दिइयो। |
| ६ | २०८१।०८।९ -१२ | सञ्जय चौधरी<br>दामोदर न्यौपाने | त.अ. | आई. सि.पी. अनुगमन | तथ्याङ्क संकलन गर्दा सामग्रीको ब्रान्ड र परिमाणलाई विशेष ध्यानुपर्ने। |
| ७ | २०८१।०८।२९ - ०९/०२ | दिनानाथ लम्साल | त.अ. | अपाङ्कताको कार्यक्रममा सहभागी | गाँउपालिका प्रोफाईल तयार गर्दा राष्ट्रिय तथ्याङ्क कार्यालयले तयार गरेको फर्मेटमा बनाउने। |
| ८ | २०८१।०९। ३ -४ | तिर्थ चौलागाई<br>विमल यादव | निर्देशक<br>त.अ. | NDP कार्यक्रममा सहभागी | सबै पालिकाका सूचना प्रविधि अधिकृतलाई सम्पर्क गरी NDP पोर्टलमा तथ्याङ्क प्रविष्टि गर्न लगाउने। |
| ९ | २०८१।०९।०९ | गणेश आचार्य<br>जीवन पौडेल | निर्देशक<br>त.अ. | कलेजका विद्यार्थीहरुलाई प्रशिक्षण | National Account system का लागि यस कार्यालयबाट संकलन गरिने विवरण गूणस्तरीय हुनुपर्ने। |
| १० | २०८१।०९।०९ | शिव श्रेष्ठ<br>धन बहादुर वि सी<br>नारायण रिजाल | निर्देशक<br>त.अ.<br>त.अ. | तालिम रणनीति छलफल | तालिम तथा गोष्ठी सञ्चालन गर्दा तालिम शाखालाई जानकारी गराउनुपर्ने। |
| ११ | २०८१/१०/४ -६ | राजन शिलवाल<br>डोल नारायण श्रेष्ठ | निर्देशक<br>त.अ. | अपाङ्ता प्रश्नावली परिक्षण | कार्यालय व्यस्थापन राम्रो भएको<br>कार्यालयका नियमित कार्यहरु समयसिमा भित्र गुणस्तरीय रुपमा सम्पन्न गर्नुपर्ने । |
| १२ | २०८१/१०/०७ | विनोद शरण आचार्य<br>प्रकाश पौडेल<br>कृष्ण चौलागाई | निर्देशक<br>त.अ.<br>सुपरिवेक्षक | NMICS अनुगमन | नियमित कार्यक्रम सञ्चालन भइरहेको पाइयो<br>कार्यालयको भौतिक संरचना भाडाको भएता पनि व्यवस्थित रहेको। |

| सि.न. | निरिक्षण मिति | निरीक्षणकर्ता | पद | उद्देश्य | सुझाव तथा प्रतिक्रियाहरु |
|---|---|---|---|---|---|
| १३ | २०८१।११।०१ -०३ | डा. शरद कुमार शर्मा<br>शिव श्रेष्ठ<br>धन बहादुर वि सी | उप प्रमुख तथ्याङ्क अधिकारी<br>तथ्याङ्क अधिकृत<br>कम्प्युटर अधिकृत | तथ्याङ्क साक्षरता कार्यक्रम | कार्यालय व्यवस्थापनको लागि सवारी साधन फर्निचर तथा मर्मतमा बजेट व्यवस्था हुन आवश्यक रहेको। |
| १४ | २०८१।११।२४- २८ | कमल राज जोशी<br>सुदिप पौडेल | तथ्याङ्क अधिकृत | अस्थायी वाली लागत सर्वेक्षण अनुगमन | सर्वेक्षणको तथ्याङ्क संकलन कार्य गुणस्तरीय तथा व्यवहारिक भएको। |
| १५ | २०८२/१/२ | सिता रिजाल | सुपरिवेक्षक | | निजी शिक्षण संस्थाको तथ्याङ्क संकलन कार्य राम्रो |
| १६ | २०८२/ | पृथ्वी विजयराज सिजापति | निर्देशक | नीजि शिक्षण संस्था सर्वेक्षणको अनुगमन | निजि शिक्षण संस्था सर्वेक्षणको अनुगमन गर्दा खर्च र आम्दानीको consistency मिले नमिलेको हेर्नुपर्ने। |
| १७ | २०८२/०२/११ -१३ | रिषिराम सिग्देल<br>लक्ष्मण कंडेल | निर्देशक<br>त.अ. | प्रादेशिक जिडिपी नतिजा सार्वजनिकीकरण | तथ्याङ्क समन्वय कार्यालयको समन्वयात्मक भुमिका राम्रो रहेको। |
| १८ | २०८२/०२/२८- ३० | तिर्थ चौलागाई<br>शान्तवना शर्मा<br>रेणु घिमिरे<br>सरोज पोखरेल | निर्देशक<br>निर्देशक<br>त.अ.<br>कम्प्युटर इन्जिनियर | तथ्याङ्कीय साक्षरता कार्यक्रम | तथ्याङ्क समन्वय कार्यालयको व्यवस्थापन राम्रो रहेको। |
| १९ | २०८२/०२/२९ -३१ | ढुण्डीराज लामिछाने<br>पृथ्वी विजयराज लामिछाने<br>लक्ष्मण कंडेल<br>सुस्मिता बराल | उप प्रमुख तथ्याङ्क अधिकारी<br>निर्देशक<br>त.अ.<br>त.अ. | होटल तथा रेष्टुरेन्ट सर्वेक्षणको नतिजा सार्वजनिकीकरण कार्यक्रम | तथ्याङ्क समन्वय कार्यालयले गरिरहेका नियमित तथा अन्य कार्यको बारेमा जानकारी लिई कामको गुणस्तरीयता बढाउन तथ्याङ्क अधिकृत लगायत समन्वय अधिकारीले अनुगमन तथा सुपरिवेक्षण यथार्तमा आधारित भएर गर्नुपर्ने । |

# खण्ड -५

## कार्यालयको भौतिक अवस्था

### ५.१ कार्यालयको भौतिक पूर्वाधार :

यस तथ्याङ्क समन्वय कार्यालय कैलालीको नाममा हाल जग्गा नरहेको तर निकट भविश्यमा जग्गा प्राप्ति हुने चरणमा रहेको छ। हाललाई कैलाली जिल्लाको धनगढी उपमहानगरपालिको वडा न.२ तारानगर स्थित भाडाको घरमा कार्यालय सञ्चालन भइरहेको छ। कार्यालयमा रहेका दरबन्दी अहिलेको समयमा पदपूर्ति हुन गैरहेको अवस्थामा उक्त कोठाहरु कर्मचारीलाई अपुग भएका देखिन्छन् र कार्यालयका कामकाज गर्न अलिकता असजिलो भएको देखिन्छ। सवारी साधनमा कार्यालयमा एउटा गाडी र ३ वटा मोटरसाईकल चालुअवस्थामा रहेका छन् भगौलिक विकटताले गर्दा तथ्याङ्क संकलन तथा अनुगमन र सुपरिवेक्षण गर्ने प्रयोजनको लागि हाल रहेका सवारी साधनहरु अपुग र थप सवारी साधनको आवश्यकता महशुस गरिएको छ।

### ५.२ सम्पत्ति तथा जिन्सी मालसमानको विवरण र अवस्था

| सरकार/जिल्ला/कार्यालय/स्टोर/गोदाम /सम्पतिको विवरण | एकाई | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| **नेपाल सरकार** | | ११० | १,७५७,४८१.७७ | ११४ | ५,४७७,२३४.०० | ० | ०.०० | २२४ | ७,२३४,७१५.७७ |
| **कैलाली** | | ११० | १,७५७,४८१.७७ | ११४ | ५,४७७,२३४.०० | ० | ०.०० | २२४ | ७,२३४,७१५.७७ |
| **तथ्याङ्क समन्वय कार्यालय, कैलाली** | | ११० | १,७५७,४८१.७७ | ११४ | ५,४७७,२३४.०० | ० | ०.०० | २२४ | ७,२३४,७१५.७७ |
| **तथ्याङ्क समन्वय कार्यालय, कैलाली - मुख्य स्टोर** | | ११० | १,७५७,४८१.७७ | ११४ | ५,४७७,२३४.०० | ० | ०.०० | २२४ | ७,२३४,७१५.७७ |
| **मुख्य गोदाम** | | ११० | १,७५७,४८१.७७ | ११४ | ५,४७७,२३४.०० | ० | ०.०० | २२४ | ७,२३४,७१५.७७ |
| 611211600001-मोटर साइकल | पिस/थान | २ | १७४,९०१.०० | २ | ३७०,१०३.५६ | ० | ०.०० | ४ | ५४५,००४.५६ |
| 611211700003-पिकअप भ्यान | पिस/थान | ० | ०.०० | १ | ३,१०१,८५०.०० | ० | ०.०० | १ | ३,१०१,८५०.०० |
| 611211900001-साइकल | पिस/थान | ० | ०.०० | १ | ९,९९९.९९ | ० | ०.०० | १ | ९,९९९.९९ |
| 611221100001-डेस्कटप कम्प्युटर | पिस/थान | ४ | १०५,०३३.२४ | ४ | २२९,२७९.८५ | ० | ०.०० | ८ | ३३४,३१३.०९ |
| 611221100007-एसेम्वल डेस्कटप कम्प्यूटर | सेट | ० | ०.०० | ३ | ११५,०३०.४९ | ० | ०.०० | ३ | ११५,०३०.४९ |
| 611221200001-ल्यापटप | पिस/थान | ८ | ५१७,४००.९६ | ५ | ३२४,९५०.१२ | ० | ०.०० | १३ | ८४२,३५१.०८ |
| 611221200003-ट्याबलेट | पिस/थान | ४ | ९९,९०२.०० | ० | ०.०० | ० | ०.०० | ४ | ९९,९०२.०० |
| 611221400003-राउटर | पिस/थान | ० | ०.०० | २ | ६,४४१.०० | ० | ०.०० | २ | ६,४४१.०० |
| 611221600012-सिसिटिभी क्यामरा | पिस/थान | ० | ०.०० | १ | ८१,३६०.०० | ० | ०.०० | १ | ८१,३६०.०० |
| 611221600032-LED Display | पिस/थान | ० | ०.०० | १ | ४४,०७०.०० | ० | ०.०० | १ | ४४,०७०.०० |
| 611221800001-प्रिन्टर | पिस/थान | ४ | ८२,६६७.०० | ६ | ६९,९३४.९४ | ० | ०.०० | १० | १५२,६०१.९४ |

| सरकार/जिल्ला/कार्यालय/स्टोर/गोदाम/सम्पतिको विवरण | एकाई | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| 611221800003-फ्याक्स मेशीन | पिस/थान | १ | १८,१९३.०० | ० | ०.०० | ० | ०.०० | १ | १८,१९३.०० |
| 611221800004-स्क्यानर मेशिन | पिस/थान | १ | १३,४४७.०० | ० | ०.०० | ० | ०.०० | १ | १३,४४७.०० |
| 611221900001-प्रोजक्टर | पिस/थान | १ | ७०,०००.०० | १ | ४६,८९५.०० | ० | ०.०० | २ | ११६,८९५.०० |
| 611222100001-हिटर | पिस/थान | २ | ४,४००.०० | ० | ०.०० | ० | ०.०० | २ | ४,४००.०० |
| 611222100002-सिलिङ पंखा | पिस/थान | ० | ०.०० | १२ | २९,७१६.६४ | ० | ०.०० | १२ | २९,७१६.६४ |
| 611222100005-एयर कन्डीसनर | पिस/थान | ० | ०.०० | ३ | २७५,१५५.०० | ० | ०.०० | ३ | २७५,१५५.०० |
| 611222100008-भ्याकुम क्लिनर | पिस/थान | १ | १६,६००.०० | १ | १६,८१५.०० | ० | ०.०० | २ | ३३,४१५.०० |
| 611222100009-यु पि एस | पिस/थान | २ | ८,१३६.०० | ० | ०.०० | ० | ०.०० | २ | ८,१३६.०० |
| 611222100010-ब्याट्री(Battery BDC) | पिस/थान | २ | ५६,५००.०० | १ | ३५,०३०.०० | ० | ०.०० | ३ | ९१,५३०.०० |
| 611222100016-इलेक्ट्रिक कितली | पिस/थान | ० | ०.०० | १ | २,०३४.०० | ० | ०.०० | १ | २,०३४.०० |
| 611222100035-मिक्स्चर | पिस/थान | ० | ०.०० | १ | ४,७४६.०० | ० | ०.०० | १ | ४,७४६.०० |
| 611222100036-आइरन | पिस/थान | ० | ०.०० | १ | ३,३९०.०० | ० | ०.०० | १ | ३,३९०.०० |
| 611222100037-इन्भर्टर | पिस/थान | १ | १३,५००.०० | ० | ०.०० | ० | ०.०० | १ | १३,५००.०० |
| 611222100055-स्टेन्ड पंखा | पिस/थान | ० | ०.०० | १ | ५,४००.०१ | ० | ०.०० | १ | ५,४००.०१ |
| 611222100064-ग्यास हिटर | पिस/थान | २ | १९,०००.०० | ० | ०.०० | ० | ०.०० | २ | १९,०००.०० |
| 611222100233-ए. सी | पिस/थान | ० | ०.०० | २ | १३२,७९०.३७ | ० | ०.०० | २ | १३२,७९०.३७ |
| 611222100234-ब्याट्री | संख्या | ० | ०.०० | १ | ३९,९९९.७४ | ० | ०.०० | १ | ३९,९९९.७४ |
| 611222100237-ईन्भटर | पिस/थान | ० | ०.०० | १ | ३५,०००.०० | ० | ०.०० | १ | ३५,०००.०० |
| 611222100293-Monitor | संख्या | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| 611223300002-Fire Extruesher | पिस/थान | १ | ६,०००.०० | ० | ०.०० | ० | ०.०० | १ | ६,०००.०० |
| 611223500001-टेबुल | पिस/थान | १३ | ८६,९५३.०० | १८ | ७६,७९९.६१ | ० | ०.०० | ३१ | १६३,७५२.६१ |
| 611223500002-कुर्चि | पिस/थान | ३ | ७०२.०० | ० | ०.०० | ० | ०.०० | ३ | ७०२.०० |
| 611223500003-दराज | पिस/थान | ० | ०.०० | १ | ७,१५०.०० | ० | ०.०० | १ | ७,१५०.०० |
| 611223500006-सोफासेट | पिस/थान | ५ | १५४,४३६.०० | २ | ५७,७५४.०१ | ० | ०.०० | ७ | २१२,१९०.०१ |
| 611223500009-स्टिल दराज | पिस/थान | ६ | ३९,३८६.०० | ८ | ७८,७५५.०७ | ० | ०.०० | १४ | ११८,१४१.०७ |

| सरकार/जिल्ला/कार्यालय/स्टोर/गोदाम/सम्पति को विवरण | एकाई | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| 611223500011-रिभल्वभिङ चेयर | पिस/थान | १० | ११६,३१८.५७ | ६ | ७३,६५४.५८ | ० | ०.०० | १६ | १८९,९७३.१५ |
| 611223500013-टि टेवल | पिस/थान | ११ | ३४,२९०.०० | २ | २,०५०.०० | ० | ०.०० | १३ | ३६,३४०.०० |
| 611223500014-कम्प्युटर टेबल | पिस/थान | ० | ०.०० | ४ | २०,०००.०० | ० | ०.०० | ४ | २०,०००.०० |
| 611223500018-खाट पलङ लोबेड | पिस/थान | ७ | ६६,०३१.०० | ५ | ४६,६०५.०० | ० | ०.०० | १२ | ११२,६३६.०० |
| 611223500019-र्‍याक | पिस/थान | ३ | २४,५००.०० | ० | ०.०० | ० | ०.०० | ३ | २४,५००.०० |
| 611223500026-काठको दराज | पिस/थान | ३ | ३.०० | ४ | ८,७१२.०६ | ० | ०.०० | ७ | ८,७१५.०६ |
| 611223500027-फुल सेक्रेटरी टेवुल | पिस/थान | १ | १.०० | ० | ०.०० | ० | ०.०० | १ | १.०० |
| 611223500043-कुशन मेच | पिस/थान | ३ | ६,३००.०० | ० | ०.०० | ० | ०.०० | ३ | ६,३००.०० |
| 611223500081-अफिस टेबल (Office Table) | पिस/थान | ० | ०.०० | ४ | ५५,९१५.०० | ० | ०.०० | ४ | ५५,९१५.०० |
| 611223500091-Book Steel Rack | पिस/थान | ० | ०.०० | २ | ११,४८०.०० | ० | ०.०० | २ | ११,४८०.०० |
| 611223500110-डाइनिङ्ग टेबल | सेट | ० | ०.०० | १ | १६,५००.०० | ० | ०.०० | १ | १६,५००.०० |
| 611223500116-सोफा सेट | पिस/थान | ० | ०.०० | २ | १६,५९९.९९ | ० | ०.०० | २ | १६,५९९.९९ |
| 611223900006-ह्वाइट बोर्ड | पिस/थान | १ | ३,८९८.०० | १ | २,२१४.९९ | ० | ०.०० | २ | ६,११२.९९ |
| 611223900007-साइन बोर्ड | पिस/थान | ३ | ५,५०१.०० | ० | ०.०० | ० | ०.०० | ३ | ५,५०१.०० |
| 611223900015-हाजिर मेशिन | पिस/थान | ० | ०.०० | १ | २०,३४०.०० | ० | ०.०० | १ | २०,३४०.०० |
| 611223900018-उजुरी पेटिका | पिस/थान | १ | ८००.०० | ० | ०.०० | ० | ०.०० | १ | ८००.०० |
| 611223900031-सूचना पाटी | पिस/थान | २ | ७,५८२.०० | ० | ०.०० | ० | ०.०० | २ | ७,५८२.०० |
| 611223900035-ग्यास सिलिण्डर | पिस/थान | २ | ५,१००.०० | १ | २,७१२.०० | ० | ०.०० | ३ | ७,८१२.०० |

## ५.३ तथ्याङ्क समन्वय कार्यालय कैलालीमा रहेका मुख्य खप्ने जिन्सी सामग्रीहरुको विवरण

| सि.नं. | सामग्रीको नाम | ईकाई | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | चालु अवस्थामा रहेको | विग्रेको | जम्मा | |
| १ | मोटर साइकल | थान | ३ | १ | ४ | |
| २ | पिक अप भ्यान | थान | १ | ० | १ | |
| ३ | साइकल | थान | १ | ० | १ | |
| ४ | डेस्कटप कम्प्युटर | सेट | ९ | २ | ११ | |
| ५ | ल्यापटप | थान | ८ | ५ | १३ | |
| ६ | टयावलेट | थान | १ | ३ | ४ | |
| ७ | राउटरट | थान | २ | ० | २ | |
| ८ | सि.सि. क्यामेरा | सेट | १ | ० | १ | |
| ९ | LED Display | थान | १ | ० | १ | |
| १० | प्रिन्टर | थान | ८ | २ | १० | |
| ११ | प्रोजेक्टर | थान | २ | ० | २ | |
| १२ | एयर कण्डीसनर | थान | ५ | ० | ५ | |
| १३ | भ्याकुम क्लिनर | थान | १ | १ | २ | |
| १४ | ब्याट्री | थान | ३ | १ | ४ | |
| १५ | आइरन | थान | १ | ० | १ | |
| १६ | मिक्चर | थान | १ | ० | १ | |
| १७ | इन्भर्टर | थान | १ | १ | २ | |
| १८ | टेबुल | थान | १८ | १३ | ३१ | |
| १९ | टि-टेवुल | थान | १० | ३ | १३ | |
| २० | रिभल्विङ्ग चुयर | थान | १२ | ४ | १६ | |
| २१ | स्टिल दराज | थान | १२ | ३ | १५ | |
| २२ | खाट/ पलङ्ग | थान | ७ | ५ | १२ | |
| २३ | सोफासेट | सेट | ५ | २ | ७ | |
| २४ |ऱ्याक | थान | १ | २ | ३ | |
| २५ | डाइनिङ्ग टेवुल | सेट | १ | ० | १ | |
| २६ | हाजिर मेसिन | थान | १ | ० | १ | |
| २७ | ग्यास सिलिण्डर | थान | ३ | ० | ३ | |

# खण्ड ६

## कार्यालयका समस्या र समाधानका उपायहरु

### ६.१ कार्यालयका मौजुदा समस्या

- ✓ सेवाग्राहीको आवश्यकता र माग अनुसारका खण्डिकृत तथ्याङ्क (वडा स्तरका ) अपेक्षित रुपमा उपलब्ध गराउन नसकिएको ,
- ✓ तथ्याङ्कको महत्व र भूमिका बारे जनमानसमा अनभिज्ञता रहनुले तथ्याङ्क संकलन कार्यमा अफ्ठेरो परेको
- ✓ तथ्याङ्क संकलन तथा व्यवस्थापनका लागि आर्थिक स्रोतको अपर्याप्तता,
- ✓ तथ्याङ्क समन्वय कार्यालय तथ्याङ्क संकलन कार्यमा मात्र सिमित रहेकोले जिल्लामा कार्यालयको पहिचान राम्रो संग गर्न नसकिएको,
- ✓ कार्यालयको आफ्नै भवन तथा आवास गृह नभएकोले कर्मचारी बसोबास व्यवस्था उचित हुन नसकेको ,
- ✓ कार्यालयमा रहेका कम्प्युटर सेट बिग्रिएको अवस्थामा रहेकाले कार्यालयका कामकाज गर्न कठिनाइ परेको।
- ✓ अन्य सरकारी निकायहरुले पनि आफु खुशी तथ्याङ्क उत्पादन गर्ने भएकाले सरकारी तथ्याङ्कमै दोहोरोपन देखिएको । अन्य निकायबाट प्रकाशन गरेको तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने तथ्याङ्क मा ठूलो अन्तर देखिएको र ती निकायका बीच तथ्याङ्क समन्वय कार्यालयले समेत समन्वय गर्न कठिनाई भएको ,
- ✓ आर्थिक अभावले तथ्याङ्क अद्यावधिक गर्ने कार्य नियमित हुन नसकेको ,
- ✓ तथ्याङ्क सम्बन्धी कम्प्युटर सफ्टवेयर (CSPro , SPSS , GIS ) को गहिरो ज्ञान सबै कर्मचारीमा नहुनाले कर्मचारीको प्राविधिक व्यक्तित्व विकास हुन नसकी तथ्यांकीय दक्षतामा कमि महशुस गरिएको ,
- ✓ योजना, नीति निर्माण,अनुगमन तथा मुल्याङ्कन जस्ता कार्यहरुमा तथ्याङ्क ले कम प्राथमिकता पाउनु ,
- ✓ तथ्याङ्क ऐन, नियमहरुका प्रावधानहरुको बारेमा सरोकारवालाहरुमा अनभिज्ञता रहनु,
- ✓ विशेष गरी आर्थिक क्षेत्र (उद्योग, ब्यापार, आम्दानी खर्च) संग सम्बन्धित तथ्याङ्क मा तथ्याङ्क दाताले सही तथ्याङ्क नदिनु र दिन हिच्किचाउनु ,
- ✓ तथ्याङ्कीय कार्यको लागि स्थानीय स्तरमा खासै लगानी नहुनु र पर्याप्त बजेटको अभाव रहनु साथै बजेट निर्धारण गर्दा तथ्याङ्क क्षेत्रले न्यून महत्व पाउनु,
- ✓ कार्यक्रम सञ्चालन दिग्दर्शनको अभाव,
- ✓ कर्मचारीहरुको कार्यविवरण नहुनु,
- ✓ उत्तरदाताहरुमा बढि अपेक्षा तथा नैराश्यता,
- ✓ यस कार्यालयको कार्यक्षेत्र तराई देखि विकट हिमाली क्षेत्रसम्म फैलिएकाले तथ्याङ्क संकलन, अनुगमन सुपरिवेक्षण तथा गोष्ठी कार्यक्रम गर्न कठिनाई रहेको ।

## ६.२ समस्या समाधानका उपायहरु

- ✓ कार्यालयका कर्मचारीहरुलाई प्रशासनिक तालिमको साथसाथै तथ्याङ्क सम्बन्धि कम्प्युटर तालिम र सेवाकालीन तलिमको व्यवस्था गर्नुपर्छ ,
- ✓ केन्द्रबाटै नीतिगत सहमति गरी जिसस.र तथ्याङ्क समन्वय कार्यालयबीच समन्वयका लागि पहल गर्नुपर्ने । यसबाट दुई निकाय बीचको तथ्याङ्कीय दोहोरोपना हटाउन सकिन्छ,
- ✓ स्थानीय स्तरमा तथ्याङ्क सम्बन्धि जानकारीका लागि तलिम ,सचेतना गोष्ठी तथा प्रयोग सम्बन्धि कार्यक्रमको विस्तार हुनु पर्दछ ,
- ✓ स्थानीय स्तरको माग अनुसार तथ्याङ्क उपलब्ध गराउन सो अनुसारको सर्वेक्षण गरिनु पर्दछ ,
- ✓ जिल्लामा रहेको तथ्याङ्क समन्वय समितिले सक्रियरुपमा भूमिका खेल्नु पर्दछ सोका लागि उचित व्यवस्थापन गरिनु पर्दछ ,
- ✓ तथ्याङ्क समन्वय कार्यालयको पुँजीगत सुधार गरिनु पर्दछ ,
- ✓ स्थानिय स्तरको तथ्याङ्क जिल्लामै उत्पादन तथा वितरण गर्ने व्यवस्था मिलाइनु पर्दछ ,
- ✓ तथ्याङ्क कार्यालयका कर्मचारीको मनोबल उच्च राख्नका लागि राष्ट्रिय तथ्याङ्कबाट वैदेशिक भ्रमण शैक्षिक तालिम/अध्ययन भ्रमण का लागि हुने मनोनियनमा उच्च प्राथमिकता दिनु पर्दछ ,
- ✓ तथ्याङ्क ऐन २०७९ मा भएका व्यवस्थाहरु यथाशिघ्र लागु गर्नु पर्दछ ,
- ✓ क्याम्पस र विद्यालयस्तरीय तथ्याङ्क सम्बन्धी अन्तरक्रयात्मक गोष्ठी तथा हाजिर जवाफ कार्यक्रम संचालन गर्न सकिन्छ । यसबाट जनगणनाका समयमा चिनिने कार्यालय अन्य समयमा पनि सर्वसाधारणले चिन्ने अवसर प्राप्त हुन्छ र कार्यालयको पहिचान र साख बढ्छ ,
- ✓ कर्मचारीहरुको पद अनुसारको कार्य विवरण तयार गर्नुपर्ने ।

## प्रतिनिधिमुलक केहि तस्विरहरु








तथ्याङ्क समन्वय कार्यालय






नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय
कैलाली


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय
कैलाली



